सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ माघ २०८०, सोमबार (5 Feb 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

तेस्रो देशका नागरिकलाई काँकडभिट्टाबाट नेपाल प्रवेशमा भारतको अवरोध



चार वर्षदेखि भुटानबाहेक तेस्रो देशका नागरिकले आवतजावत गर्न पाएननन्

प्रदेश कमिटीको हस्तक्षेपपछि एमाले धादिङको अधिवेशन स्थगित

अध्यक्ष केपी ओलीले इन्चार्जसहित जिल्ला नेतृत्वलाई काठमाडौं बोलाए



इन्चार्जसहित जिल्ला नेतृत्व काठमाडौं आएसँगै अधिवेशन अनिश्चितकालका लागि स्थगित भएको छ। दुवै पक्षको आरोप-प्रत्यारोपपछि केन्द्रीय कार्यालयले समाधानका लागि छलफल चलाएको हो।

(विस्तृत पृष्ठ ३)

कांग्रेसमा कस्ता नीतिको संवाद होला ?



अग्रलेख

● भुवन न्यौपाने

काँग्रेसले जनतालाई आशा जगाउन सक्नुपर्छ। विगतमा जस्तै निर्वाचनका वेलामा मतदातालाई घोषणापत्र मात्र सुम्पिने कि भावी कार्यदिशा र सम्मुन्नतिको सुस्पष्ट रेखाचित्र कोरेर जनताको रोजाइको दल बनाउने भन्ने आधारविन्दु यही हो।

(पृष्ठ ४)

किवी किसानलाई सहुलियत कर्जा पाउन कठिन



राष्ट्र बैंकको अध्ययनअनुसार कोशीमा १२.५ प्रतिशत किसानले मात्रै सहुलियतपूर्ण कर्जाको उपयोग गरेका छन्

(पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

दुर्गममा जलन, काठमाडौंमा अस्पताल

दूरदराजदेखि राजधानी काठमाडौंका अस्पताल पुग्दासम्म बढ्ने जटिलताले ज्यान गुमाउँछन् जलनपीडित, जटिल बिरामी पुऱ्याइने कीर्तिपुर अस्पतालमा १३ देखि २० प्रतिशतसम्म छ मृत्युदर

■ गत वर्ष ७६ हजार मानिस जलनबाट प्रभावित, १५ सय हाराहारी मात्रै पुगे अस्पताल

■ **उपचार खर्च धान्नै गाह्रो**

■ **पाँच अस्पतालमा उपचार, दुईवटामा मात्रै आइसियू सेवा**

उपत्यकाका कीर्तिपुर, सुष्मा कोइराला मेमोरियल, त्रिवि शिक्षण (टिचिङ), पाटन र वीर अस्पतालमा जलनको उपचार हुन्छ। तर, कीर्तिपुर र सुष्मा कोइराला मेमोरियलमा मात्र आइसियू सेवा छ, अन्यले गम्भीर बिरामी भर्ना नै लिँदैनन्।



प्राथमिक उपचारसमेत समयमा नपाउँदा बिरामीमा जटिलता निम्तिने गरेको छ

● **डा. किरण नकर्मी**, प्रमुख, जलन विभाग, कीर्तिपुर अस्पताल



राज्यले नै उपचारको जिम्मा नलिएसम्म बर्सेनि सयौँ जलन पीडितले ज्यान गुमाउँछन्

● **उज्ज्वलविक्रम थापा**, अभियन्ता

मञ्जु टेलर/नयाँ पत्रिका



आगोले जलेकी ६५ वर्षीया एक महिला (नाम खुलाउन नचाहेको)को ११ माघमा कीर्तिपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भयो। कपिलवस्तुमा जलेकी उनलाई अस्पताल पुऱ्याउन ढिलाइ हुँदा मृत्यु भएको थियो। उनलाई जलेको तीन दिनमा मात्रै काठमाडौं पुऱ्याइएको थियो।

उनको शरीरको ३० प्रतिशत भाग जलेको र २४ घण्टासम्म जलनसम्बन्धी कुनै पनि प्राथमिक उपचार नपाउँदा आएको जटिलताका कारण उपचारमा भन् समस्या भएको चिकित्सक डा. किरण नकर्मीले बताए। 'उमेर पनि धेरै भएको र ढिला अस्पताल पुऱ्याउँदा जलनको असर गहिरो थियो। घाउबाट पानी धेरै बगेका कारण पनि अन्य अंगमा आएको जटिलताले निको हुने दर निकै कम थियो,' उनले भने, 'नौ दिनसम्मको उपचारपछि शल्यक्रिया गर्ने क्रममा मृत्यु भयो।'

सोही दिन नेपालगन्जकी ८० वर्षीया सुवर्णकुमारी पाण्डेको पनि कीर्तिपुर अस्पतालमै मृत्यु भयो। शीतलहरको चिसोबाट जोगिन आगो ताप्ने क्रममा

» पृष्ठ २ मा क्रमश:

देशका जम्मा पाँच अस्पतालमा मात्र जलनको उपचार हुन्छ। कीर्तिपुर, त्रिवि शिक्षण (टिचिङ), पाटन, वीर र सुष्मा कोइराला मेमोरियल अस्पतालमा जलनको उपचार सेवा छ। कीर्तिपुर अस्पताल ट्रस्टमा सञ्चालित छ, साँखुस्थित सुष्मा कोइराला मेमोरियल गैरसरकारी अस्पताल हो भने अन्य सबै सरकारी हुन्। यी सबै काठमाडौं उपत्यकाभित्रै छन्। त्यसैले, काठमाडौंबाहिर जलनका बिरामीलाई उपचार सेवा नहुँदा काठमाडौं पुग्नुको विकल्प छैन।

यी अस्पतालमध्ये पनि जलनका ५० प्रतिशतभन्दा धेरै बिरामीको कीर्तिपुरमै उपचार हुन्छ। जाडोको समयमा जलनका बिरामीको चाप बढ्दा बेड पाउनसमेत समस्या भएको अस्पतालका जलन विभाग प्रमुख डा. किरण नकर्मीले बताए। बर्सेनि ६ सयदेखि सात सय जलनका बिरामी उपचारका लागि आउने कीर्तिपुर अस्पतालको तथ्यांक छ। २०२१ मा ६ सय २३ बिरामी भर्ना भएका थिए। त्यस्तै, २०२२ मा ६ सय ६० जलनका बिरामी भर्ना भएका थिए, जसमा तीन सय २७ महिला र तीन सय ३३ पुरुष थिए। २०२३ मा उपचारका लागि अस्पताल पुगेका सात सय ९० मध्ये तीन सय ६७ महिला र चार सय २४ पुरुष थिए। यीमध्ये १३ देखि २० प्रतिशतको मृत्यु भएको अस्पतालले जनाएको छ। सय शय्यामा चलिरहेको कीर्तिपुर अस्पतालले जलनबाहेकका सेवासमेत दिँदै आएको छ।

सुष्मा कोइराला मेमोरियल अस्पतालले मात्रै जलनको उपचारमा पूर्ण सेवा दिइरहेको छ। जलनको समस्याले स्वास्थ्य संस्था पुग्ने बिरामीमध्ये १० प्रतिशत यो अस्पताल आउँछन्। स्वास्थ्य संस्था पुग्ने जलनका १५ सय बिरामीमध्ये नौ सयको कीर्तिपुर र सुष्मा कोइराला मेमोरियल अस्पतालमै उपचार हुन्छ। सुष्मा कोइरालामा सन् २०२३ मा जलनका एक सय १८३ बिरामीले उपचार गराएका थिए। त्यस्तै, २०२२ मा १७३, २०२१ मा २४४, २०२० मा २४२, २०१९ मा २४५ र २०१८ मा ५४२ बिरामी भर्ना भएका थिए। गम्भीर खालका बिरामीलाई कीर्तिपुर अस्पतालमै रेफर गरिने भएकाले सुष्मा कोइराला अस्पतालमा जलनका बिरामीको मृत्युदर कम रहेको अस्पतालका निर्देशक डा. सन्तोष मिश्रले बताए। 'हामीले अस्पताल भर्ना भएकाहरूको तथ्यांक निकाल्दा २०२३ मा मृत्युदर २.७३ प्रतिशत भएको पाएका छौं। ढिला गरी उपचार गर्न आउँदा मृत्यु हुने गरेको छ,' उनले भने।

वीर, टिचिङ र पाटन अस्पतालले जलनका सामान्य बिरामीलाई मात्रै सेवा दिन सक्छन्। हाल ११ बेडसहितको बर्न वार्ड बनिरहेकाले वीरले जलनका बिरामीको भर्ना नै लिँदैन। ओपिडी सेवा लिन जाडो महिनामा मासिक एकदेखि डेढ सयसम्म बिरामी आउने गरेको वीरका बर्न तथा प्लास्टिक सर्जन डा. पशुपति पोखरेलले बताए। '६ बेडको जनरल र पाँच बेडको आइसियू वार्ड बनिरहेकाले अहिले जलनका सामान्य बिरामीलाई ओपिडी सेवा मात्रै दिइएको छ। जलनका जटिल केस आउँदा राष्ट्रिय ट्रमा सेन्टरबाट उपचार भइरहेको छ,' उनले भने। तर, वीरअन्तर्गतकै ट्रमा सेन्टरले पनि आइसियूमा राख्नुपर्ने बिरामीलाई अन्यत्र रेफर गर्दै आएको छ। त्यसैले त्यहाँ पनि मृत्युदर देखिँदैन। ट्रमा सेन्टरका अनुसार महिनामा जलनका ५२ देखि ६० बिरामी उपचारका लागि आएको तथ्यांक छ।

टिचिङले पनि नौवटा जनरल वार्डमा जलनका बिरामीलाई उपचार दिँदै आएको छ। अस्पतालले वर्षभरिमा ३०-४० जनाको मात्रै उपचार गर्दै आएको जनाएको छ। यहाँ पनि आइसियू सेवा नभएकाले गम्भीर बिरामीलाई कीर्तिपुर वा सुष्मा कोइराला अस्पताल रेफर गरिन्छ। अस्पतालका वरिष्ठ जलन तथा प्लास्टिक सर्जन डा. ईश्वर लोहनी भन्छन्, 'पहिले-पहिले टिचिङ अस्पतालमा जलनका बिरामी डेढदेखि दुई सयको हाराहारीमा उपचारका लागि पुग्थे, अहिले त्यो संख्या घटेको छ। गम्भीर बिरामीलाई अन्यत्र रेफर गरिने कारण यहाँ मृत्युदर पनि न्यून छ, तर यति नै छ भन्ने तथ्यांक छैन।'

जलनका बिरामीलाई सात बेड छुट्याएको पाटन अस्पतालमा पनि आइसियूसहितको सुविधा भने छैन। त्यसैले त्यहाँ पनि सामान्य जलनका बिरामीको मात्र उपचार सम्भव छ।

■ सम्पत्ति शुद्धीकरण मुद्दा

पूर्वसांसद इच्छाराज तामाङदम्पतीसँग पौने तीन अर्ब असुल्न विशेषको फैसला

नयाँ पत्रिका



इच्छाराजलाई तीन वर्ष र पत्नी सिर्जनालाई डेढ वर्ष कैद सजाय

सम्पत्ति शुद्धीकरण मुद्दामा पूर्वसांसद तथा सिभिल सहकारीका सञ्चालक इच्छाराज तामाङदम्पतीसँग विशेष अदालतले पौने तीन अर्ब असुल्ने फैसला गरेको छ। उनीहरू यसअघि नै दोषी ठहर भएकामा आइतबार इच्छाराजसँग एक अर्ब ७२ करोड ४४ लाख र श्रीमती सिर्जना शाक्य तामाङसँग एक अर्ब तीन करोड जरिवाना असुल्ने फैसला गरेको हो।

विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीका अनुसार इच्छाराजलाई तीन वर्ष र सिर्जनालाई डेढ वर्ष कैद सजाय पनि सुनाइएको छ। विशेषले यस मुद्दामा ७ माघमा फैसला गर्दै कसुर कायम हुने जनाएको थियो। आइतबार दुवै पक्षका कानुन व्यवसायीको बहसपछि सजाय निर्धारण भएको हो।

इच्छाराजले मुद्दा-मामिलाभन्दा अगाडि नै सिर्जनासँग कानुनी रूपमा सम्बन्धविच्छेद गरेका थिए भने घरका सदस्यहरूबीच अंशबन्डा गराइसकेका थिए। दुवैजना सहकारी ठगीको अर्को मुद्दामा हाल पुर्पक्षका लागि कारागारमै छन्। सम्पत्ति जोगाउनकै लागि उनीहरूले कानुनी रूपमा मात्र सम्बन्धविच्छेद गरेको बताइएको छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सहकारी ठगी गरी अपराधको पैसाबाट निजी सम्पत्ति जोडेको भन्दै १६ भदौ ०७९ मा इच्छाराजसमेत ६ जनाउपर मुद्दा चलाएकोमा अन्य चारजनाका नाममा रहेको सम्पत्ति जफत हुने फैसलामा उल्लेख छ। फैसलाअनुसार प्रतिवादीहरू इच्छाराज र सिर्जनासँगै केशवलाल श्रेष्ठ (सिर्जनाका मामा), मीना श्रेष्ठ (केशवलालकी श्रीमती) तथा तामाङदम्पतीका छोरीहरू प्रतीक्षा तामाङ र प्रतिष्ठा तामाङको नाममा रहेको सम्पत्ति जफत हुने भएको हो।

» पृष्ठ २ मा क्रमश:

■ आजबाट संघीय संसद्को हिउँदे अधिवेशन

बढीभन्दा बढी कानुन बनाउनुपर्ने दबाबमा सदन

● संक्रमणकालीन न्याय, संघीय निजामती, संघीय प्रहरी, विद्यालय शिक्षालगायत संघीयता कार्यान्वयनसम्बन्धी विधेयक सरकारको उच्च प्राथमिकतामा

● दुवै सभामा क्यालेन्डर लागू, कानुन निर्माणमा सदनलाई परिणाममुखी बनाउने दलहरूको प्रतिबद्धता

● प्रतिनिधिसभामा २२ र राष्ट्रिय सभामा दुई विधेयक विचाराधीन, सरकारले ल्याउँदै थप ३० भन्दा बढी विधेयक



हिउँदे अधिवेशनको तयारी अवलोकन गर्दै सभामुख देवराज घिमिरे। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका



● **देवराज घिमिरे**, सभामुख

कार्यान्वयन हुने गरी धेरैभन्दा धेरै विधेयक पारित गर्नुपर्नेछ। त्यो पूरा गर्नु नै सबैभन्दा ठूलो कुरा हो। यो उद्देश्य प्राप्त गर्ने गरी सबैको ध्यान जान जरुरी छ, अधिवेशन चल्नुपर्छ, चलाउनुपर्छ भन्ने हाम्रो मुख्य सोचाइ हो।

कमलराज भट्ट/नयाँ पत्रिका

विधेयक अधिवेशनको रूपमा रहेको संघीय संसद्को हिउँदे अधिवेशन सोमबारदेखि सुरु हुँदै छ। अधिवेशनमा संक्रमणकालीन न्याय, संघीय निजामती, संघीय प्रहरी, विद्यालय शिक्षालगायत संघीयता कार्यान्वयनसम्बन्धी विधेयक सरकारको उच्च प्राथमिकतामा छन्। कानुन निर्माणमा यस अधिवेशनलाई परिणाममुखी बनाउने दलहरूको प्रतिबद्धता छ।

सोमबार अपराह्न ४ बजे प्रतिनिधिसभा र राष्ट्रिय सभाको छुट्टाछुट्टै बैठक बसेर अधिवेशन औपचारिक रूपमा प्रारम्भ हुनेछ। पहिलो दिन राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट प्राप्त पत्र पढेर सुनाउने, सरकारले 'आर्थिक कार्यविधि तथा

» पृष्ठ २ मा क्रमश:



पूर्वसांसद...

पृष्ठ १ बाट क्रमशः

सम्पत्ति शुद्धीकरणको कसुरमा शुद्धीकरण गरेबराबर सम्पत्ति जफत हुने भए पनि सहकारीको रकम ठगी गरेकोसमेत देखिँदा जफतभन्दा बिगो भराउने कार्यले प्राथमिकता पाउने फैसलामा छ। 'यिनै प्रतिवादीहरूउपर काठमाडौं जिल्ला अदालतमा विचाराधीन ठगी मुद्दामा यी प्रतिवादीहरूउपर कसुर ठहर भएमा पीडितको बिगो भरिभराउ गर्ने कार्यले नै प्राथमिकता पाउने,' अन्तिम आदेशमा छ।

इच्छाराजलगायतका प्रतिवादीविरुद्ध जिल्ला अदालतमा ठगी मुद्दा चलिरहेको छ। उनीसमेतले पाँच अर्ब ६७ करोड ५५ लाख रुपैयाँभन्दा बढी ठगी गरेको अभियोगपत्रमा उल्लेख छ। इच्छाराजले तीन अर्ब ३१ करोड रुपैयाँभन्दा बढी सम्पत्ति शुद्धीकरण गरेको दाबी विभागको थियो। सिर्जनाले भने एक अर्ब तीन करोड रुपैयाँ सम्पत्ति शुद्धीकरण गरेको अभियोग लगाइएको थियो। इच्छाराजका नाममा एक कित्ता जग्गा तथा ६९ वटा कम्पनीमा सेयर भेटिएको थियो भने उनकी श्रीमती सिर्जनाका नाममा एउटा सवारीसाधन र कसुरबाट आर्जित जग्गाहरू भेटिएको थियो।

विभागले उनीहरूका छोरी प्रतीक्षा र प्रतिष्ठालाई क्रमशः ६ करोड २२ लाख तथा एक करोड ८९ लाख रुपैयाँभन्दा बढीको बिगोसहित मुद्दा चलाएको थियो। उनीहरूका नाममा पनि घरजग्गा र विभिन्न कम्पनीमा सेयर भेटिएको थियो। यसैगरी, इच्छाराजले अपराधबाट आर्जन गरेको २६ करोड ६१ लाख रुपैयाँभन्दा बढीको सम्पत्ति केशवलालको नाममा राखिएको विभागको अनुसन्धानले देखाएको थियो। मीनाकुमारी श्रेष्ठका नाममा भने काठमाडौंका विभिन्न स्थानमा सात कित्ता जग्गा भेटिएको थियो।

बढीभन्दा...

पृष्ठ १ बाट क्रमशः

वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश पेस गर्ने, पारित भएका विधेयकको सन्देश तथा समितिको प्रतिवेदन पेस गर्ने औपचारिक कार्यसूची तय गरिएको छ। दलका शीर्ष नेताले २४ माघमा तोकिएको दोस्रो बैठकमा सम्बोधन गर्ने तय भएको छ।

४ मंसिरको आमनिर्वाचनपछि बितेको एकवर्षे कार्यकाललाई विधायिकी कार्यमा उपलब्धिमूलक बनाउन नसकेका दलहरूले यो अधिवेशनलाई कानुन निर्माणमा परिणाममुखी बनाउने अठोट लिएका छन्। चुनावपछि सम्पन्न भएका दुई अधिवेशनमा संसद्ले मुस्किलले एउटा मात्रै कानुन बनाएको थियो।

संविधान निर्माणको ८ वर्ष बितिसक्दा पनि संघीयता कार्यान्वयन गर्न अतिआवश्यक कानुन नबनेर चौतर्फी प्रश्न उठिरहँदा दलहरू हिउँदे अधिवेशनमा बढीभन्दा बढी कानुन बनाउनुपर्ने दबाबमा छन्। सरकार पनि ३० भन्दा बढी ऐनको मस्यौदाको गृहकार्यमा छ।

कानुन निर्माणलाई प्रभावकारी बनाउने सवालमा संसद्को नेतृत्व, दलहरू र सरकार एक ठाउँमा उभिँदै सदनलाई क्यालेन्डरमा चलाउन तयार भएका छन्। प्रतिनिधिसभाले १५ दिने क्यालेन्डर बनाएको छ भने राष्ट्रिय सभाको फागुन मसान्तसम्मको कार्यतालिका तय गरिएको छ। क्यालेन्डरमा हप्ताको तीन दिन सदन र तीन दिन समिति चलाउने प्रस्ताव गरिएको छ। समितिमा रहेका विधेयकलाई पनि क्यालेन्डरमा समावेश गरिएको छ।

संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाका विषयगत समितिमा १२ र राष्ट्रिय सभाका विषयगत समितिमा २ गरी १४ विधेयक विचाराधीन छन्। समग्रमा प्रतिनिधिसभामा २२ र राष्ट्रिय सभामा दुई गरी २४ विधेयक प्रक्रियामा छन्।

सभामुख देवराज घिमिरेले सरकारले विधेयकको कमी हुन नदिने र एकपछि अर्को निरन्तर आइरहने प्रतिबद्धता जनाएको उल्लेख गर्दै राज्यलाई आवश्यक परेका विधेयकमाथि छलफल गरेर अगाडि बढाइने बताए। संसद्लाई परिणाममुखी बनाउन क्यालेन्डरको अभ्यास गर्न लागिएको जानकारी दिँदै घिमिरेले व्यवहारमा हुबहु उतार्न सबै पक्षबाट प्रयत्न हुनुपर्ने बताए।

प्राथमिकतामा टिआरसी

हिउँदे अधिवेशनमा संसद्ले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई प्रथम प्राथमिकतामा राखेको छ। गम्भीर मानव अधिकार उल्लंघनको परिभाषा तथा मानव अधिकार उल्लंघनका घटनामा मेलमिलाप नभए के गर्ने भन्ने विषय र ट्रुगिन बाँकी रहेको विधेयक सकेसम्म सहमतिमै र सहमति हुन नसके बहुमतबाट टुंग्याउने समझदारी दलहरूबीच छ।

०७१ सालमा बनेर कार्यान्वयन हुन नसकेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन ९ वर्ष बित्दा पनि संशोधन हुन सकेको छैन।

टिआरसीसँगै हिउँदे अधिवेशनमा संघीयता कार्यान्वयनसम्बन्धी कानुनहरू प्राथमिकतामा छन्। संसदीय अध्ययनमै संविधान कार्यान्वयनसम्बन्धी ३९ कानुन बन्न बाँकी रहेको देखिएका वेला संसद्को प्राथमिकतामा सम्पत्ति शुद्धीकरण निवारण, संघीय निजामती, संघीय प्रहरी, विद्यालय शिक्षा, संवैधानिकलगायत संघीयता कार्यान्वयनसम्बन्धी विधेयक प्राथमिकतामा छन्।

'विधेयक अधिवेशन भएकाले सरकारले यथेष्ट मात्रामा विधेयकहरू यो अधिवेशनबाट पारित गराउने प्रयास गरिरहेको छ,' कानुनमन्त्री धनराज गुरुङले भने। उनका अनुसार समितिको प्रतिवेदनसहित आएको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विधेयक सुरुवातमै पारित हुँदै छ। विशेष विधेयकहरू यही अधिवेशनबाट पारित गर्न गृहकार्य भइरहेको उनको भनाइ छ। यही अधिवेशनमा प्रि-बजेट छलफल हुने र सुझावहरू समेटिने मन्त्री गुरुङले बताए। 'मन्त्रालयहरूसँग संवाद गरेर गृहकार्य गर्दा यो अधिवेशनमा ३० भन्दा बढी विधेयक संसद्मा लैजान सक्छौं भन्नेमा छौं,' उनले भने।

यो अधिवेशनबाट संघीयताअनुकूलका कानुनहरू निर्माण गर्नुपर्नेमा दलका नेताहरूको पनि जोड छ। एमाले प्रमुख सचेतक पदम गिरीले विधेयक अधिवेशन मूलतः कानुन निर्माणमै केन्द्रित हुनुपर्ने र आफूहरूले सकारात्मक भूमिका खेल्ने बताए।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले सहमतिमा क्यालेन्डर लागू हुँदा अवरोधहरू रोकिने र कानुन निर्माणमा संसद् केन्द्रित हुन मद्दत पुग्ने बताए।

रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले संविधानमा व्यवस्था गरेका नागरिकका हक अधिकारलाई सुनिश्चित गर्ने विधेयकहरू बनाउनमा प्रभावकारी भूमिका खेल्ने बताए।

जसपाका प्रमुख सचेतक प्रदीप यादवले संसद्मा चल्ने जुहारीबाट माथि उठेर कानुन निर्माणमा सबै लाग्नुपर्ने बताए।

जनमत पार्टीका अध्यक्ष सिके राउतले क्यालेन्डरबाट सदन चलाउने कुरा सकारात्मक भन्दै आएका विधेयकहरूबारे जनतालाई बुझाउनेतर्फ केन्द्रित हुने बताए।

दुर्गममा जलन...

पृष्ठ १ बाट क्रमशः

शरीरको कपडामा सल्किएर उनी जलेकी थिइन्। उपचारका लागि तत्काल भेरी अस्पताल लगिए पनि सामान्य पट्टी लगाईदिएर काठमाडौं रेफर गरिएको थियो। काठमाडौं पुऱ्याउँदा २४ घण्टाभन्दा ढिला भइसकेकी उनलाई आइसियूमा राखेर उपचार गरिए पनि एक सातामा ज्यान गएको हो। 'भेरी अस्पतालमै जलनको उपचार गर्न पाएको भए आमालाई बचाउन सकिन्थ्यो,' छोरा जीवन पाण्डेले भने, 'काठमाडौं ल्याउँदासम्म २४ घण्टा कटिसकेकाले जोगाउन सकिएन।'

११ माघमै कीर्तिपुर अस्पतालमै मुगुकी ५६ वर्षीया महिला भर्ना भएकी छिन्। आगोले पोलेको नौ दिनपछि मात्रै भर्ना भएकी उनको शरीरको १६ प्रतिशत मात्रै जले पनि अस्पताल पुग्न ढिलाइ हुँदा घाउ गनाउने अवस्थामा छ। त्यसअघि ६ दिनसम्म जुम्ला जिल्ला अस्पतालमा उपचारपछि उनी तीन दिनको बस यात्रामा काठमाडौं आइपुगेकी हुन्। 'अस्पताल ढिला ल्याउँदा समस्या जटिल बन्दै गएको छ। आगोले पोलेको घाउ सानो भए पनि लामो समयसम्म उपचार नपाउँदा गम्भीर असर पर्दै गएको छ,' उपचारमा संलग्न चिकित्सकले भने।

अस्पताल ढिला पुऱ्याउँदा १० माघमा सप्तरीका चार वर्षीय बालकको मृत्यु भएको थियो। जलेपछि प्राथमिक उपचार पनि नपाएको र घटनाको तीन दिनपछि मात्रै अस्पताल पुऱ्याइएका कारण शरीरमा गहिरो घाउ बनिसकेकाले बचाउन नसकिएको चिकित्सकले बताए।

घटनालगत्तै नजिकै जलनसम्बन्धी प्राथमिक उपचार नपाउँदा र काठमाडौं नै पुऱ्याउँदा हुने ढिलाइका कारण गहिरो असर पर्ने भएकाले उपचारका क्रममा मृत्यु हुने गरेको छ। जलनका धेरै बिरामी पुग्ने कीर्तिपुर अस्पतालको आँकडाअनुसार उपचारका क्रममा १३ देखि २० प्रतिशत जलनका बिरामीले ज्यान गुमाउने गरेका छन्। अस्पतालका जलन विभाग प्रमुख डा. किरण नकर्मीले भने, 'समयमा प्राथमिक उपचार नपाउँदा जलनको बिरामीको शरीरमा पानीको मात्रा घट्दै जान्छ, जसले रक्तसञ्चार पनि घटेर जटिल अवस्था निम्त्याउँछ। जलनका घटनापछि सकेसम्म धेरै पानी पिउनुपर्छ भन्ने सामान्य जानकारी पनि छैन। तत्काल प्राथमिक उपचार नपाउँदा अस्पताल पुगेका प्रत्येक सयजनामा १३ देखि २० जनाले उपचारकै क्रममा ज्यान गुमाउँछन्।'

जलनका कारण बर्सेनि सयौंको ज्यान गइरहेको र ७५ हजारभन्दा बढी घाइते, अपांग भइरहे पनि सरकारले ध्यान नदिनु दुःखद भएको बताउँछन्, जलनपीडितहरूको उपचारमा सहयोग गर्दै आएका अभियन्ता उज्ज्वलविक्रम थापा। उनका अनुसार जलनपीडित उपचार अभावमा थप पीडित भइरहेका छन्। 'जबसम्म सरकारले जलनपीडितको उपचारको जिम्मा लिँदैन तबसम्म बर्सेनि सयौंले ज्यान गुमाउनुपर्ने अवस्था रहिरहनेछ,' थापाले भने, 'जलन जुनसुकै कारणले भए पनि उपचारको जिम्मा सरकारले लिनुपर्ने हो। एसिडबाट जलेकाले सरकारबाट खर्च पाइरहेका छन्, तर मट्टीतेल खन्याएर आगो लगाइएकाहरू उपचार गर्न नसकेर कि त अपांग भएर बाँच्नुपर्ने बाध्यता छ कि मर्नुपर्ने। महँगो उपचार खर्च व्यहोर्न नसक्ने सबै पीडितको उपचार कोष जतिसक्दो चाँडो सञ्चालनमा ल्याउनुपर्छ।' जलनको घाउलाई लिएर जिन्दगीभर समाजले गर्ने विभेदपूर्ण व्यवहारले निम्त्याउने मानसिक समस्या पनि उस्तै भयावह छ।

देशका जम्मा पाँच अस्पतालमा मात्र जलनको उपचार हुन्छ। कीर्तिपुर, त्रिवि शिक्षण (टिचिङ) पाटन, वीर र सुष्मा कोइराला मेमोरियल अस्पतालमा जलनको उपचार सेवा छ। कीर्तिपुर अस्पताल ट्रस्टमा सञ्चालित छ, साँखुस्थित सुष्मा कोइराला मेमोरियल गैरसरकारी अस्पताल हो भने अन्य सबै सरकारी हुन्। यी सबै काठमाडौं उपत्यकाभित्रै छन्। त्यसैले, काठमाडौंबाहिर जलनका बिरामीलाई उपचार सेवा नहुँदा काठमाडौं पुग्नुको विकल्प छैन।

स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार पछिल्लो वर्ष देशभर ७६ हजारभन्दा बढी मानिस जलनबाट प्रभावित भएका छन्। तर, पछिल्ला वर्षहरूको तथ्यांकअनुसार उपचारका वर्षमा १५ सयभन्दा कम बिरामी मात्र उपचारका लागि अस्पताल पुग्ने गरेका छन्। त्यसमा पनि उपचार नपाएर वा ढिला गरी अस्पताल पुग्दा उपचारकै क्रममा अधिकांशको मृत्यु हुने गरेको छ।

समयमा उपचार नपाएर जलनका कति बिरामीको मृत्यु हुन्छ भन्ने यकिन तथ्यांक भने सरकारसँग छैन। बर्सेनि आगो, एसिड र मट्टीतेल खन्याएर आगो लगाएका घटना हजारौंको संख्यामा आएका हुन्छन्।

त्यस्तै, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को पछिल्लो तथ्यांकअनुसार नेपालमा प्रत्येक वर्ष झन्डै ६५ देखि ७५ हजारको हाराहारीमा आगो र एसिड जलनका घटना हुने गरेका छन्। जसमध्ये दुर्घटनामा अधिकांशको मृत्यु हुने, बाँचेकामध्ये आधाभन्दा बढीमा अपांगता र एकदमै न्यून प्रतिशत मात्रै अस्पताल पुग्ने गरेका छन्। जलनका घटनाको नियमित तथ्यांक लिइरहेको नेपाल प्रहरीसँग समेत यकिन तथ्यांक छैन। एसिड आक्रमण, गिजर हिटर र कोइलाबाट निसास्सिएर मृत्यु भएका घटना मात्रै रिपोर्टिड गरिएकाले जलनका घटनाको यकिन तथ्यांक नभएको प्रहरी बताउँछ।

उपचार खर्च धान्ने गाह्रो

सप्तरीकी ५५ वर्षीया शान्तिदेवी साहको कम्मरमुनिको १८ प्रतिशत भाग आगोले जलेर कीर्तिपुर अस्पतालमा उपचाररत छिन्। शीतलहरले बढाएको चिसो छल्न पराल बालेर आगो ताप्ने क्रममा जलेकी उनी दुई सातादेखि अस्पतालमा छिन्। उनीसँग अस्पतालमा कुरुवा बसिरहेका छोरा कपिलदेवका अनुसार शान्तिदेवीलाई उपचारका लागि तत्काल राजविराज लगिएको थियो, तर अस्पतालले उपचार गर्न नसक्ने भन्दै काठमाडौं रेफर गऱ्यो। उनी भन्छन्, 'अस्पतालमा राखेको दुई हप्ता भयो। अहिलेसम्म उपचारका लागि चार लाख रुपैयाँभन्दा बढी खर्च भइसक्यो। डिस्चार्जपछि नियमित फलोअपमा आउन भनिएको छ, २५ हजार एम्बुलेन्सले नै लिन्छ, बिरामीलाई बसमा ल्याउन सकिँदैन। राजविराजमै उपचार भइदिएको भए, उपचार खर्च महँगो हुँदैनथ्यो। आफन्तबाट १०-१५ हजार गरेर लिएको ऋण पनि सकियो। थप उपचारका लागि खर्च कहाँबाट जुटाउने ?'

त्यस्तै, ०७७ माघमा आगोले शरीरको ३५ प्रतिशत भाग जलेर कीर्तिपुर अस्पतालमै उपचार गरेर फर्किएका मुगुका डिल्डा शाही फलोअपका लागि अस्पतालमा छन्। उनको कानको शल्यक्रिया गर्नुपर्ने भएकाले तीन वर्षपछि फेरि काठमाडौं आएका हुन्। ६३ वर्षीय हजुरबुबा मंगल बुढासँग उपचारका लागि काठमाडौं पुगेका उनीसँग पनि थप खर्च छैन। यसअघि करिब डेढ महिना अस्पताल बस्दा दाताको सहयोगमा उपचार गरेका थिए। चार दिनको यात्रा गरेर काठमाडौं पुगेका हजुरबुबा मंगलले सुनाए, 'वृद्धभत्ता र दुईवटा बाख्रा बेचेर ३० हजार जम्मा गरेको थिएँ। बाटो खर्चमै सकियो।' नौ वर्षका डिल्डा शाहीको थप उपचार इजी हेल्थ कियर फाउन्डेसनको सहयोगमा भइरहेको छ।

उपचार काठमाडौंकेन्द्रित हुनु, महिनौंसम्म अस्पताल बस्नुपर्ने, छालाको शल्यक्रिया बारम्बार गर्नुपर्ने र फलोअपमा बस्नुपर्ने भएकाले जलनको उपचार निकै महँगो छ। सामान्य जलनको घाउसमेत समयमा उपचार नपाउँदा गम्भीर हुँदै जाने भएकाले पीडितहरू थप पीडित भइरहेका छन्। तर, जलन प्रभावितलाई सरकारले बेवास्ता गर्दै आएको छ।

नेपाल पुलिस स्कुल
गरुडा, रौतहट

राशन खरिद बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हान

सूचना नं. १/२०८०/०८१

प्रथम पटक प्रकाशित मितिः- २०८०/१०/२२ गते।

नेपाल प्रहरी निजी शैक्षिक गुठीद्वारा संचालित यस स्कुलमा आवासिय रुपमा अध्ययनरत विद्यार्थी, आवासिय/गैह्र-आवासिय शिक्षक, आया तथा सिस्टरहरुका निमित्त आगामी शैक्षिक वर्ष २०८१ (२०८१ वैशाख १ गतेदेखि ऐ. चैत्र मसान्तसम्म) मा जिन्सी राशन खरिदको लागि बोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ। योग्यता पुगेको राशन आपूर्तिकर्ता (व्यक्ति, फर्म, संस्था वा कम्पनि) ले विद्युतिय बोलपत्र (**E–Bidding**) मार्फत मात्र बोलपत्र फारम खरिद गरी बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीको लागि कार्यालय समयमा यस स्कुलको मोबाईल नं. ९८५५०४२१९९ मा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिएको छ।

सर्टिफिकेट हरायो

मिति २०८०/०२/३१ गते पुतलीसडक देखि बल्खुसम्म जाँदा मेरो निम्न व्यहोरा भएको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name : Deewanshu Bhatta
Reg.No : 772799057
S. No.: 22721524
Contact : 9867060434

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०८०/१०/२२ गते

यस माछापुच्छ्रे बैंक लि. ईटहरी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०८०/०८/२९ गतेको कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	
साविक नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय सुनसरीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भई हाल नेपाल सरकार, उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बिराटनगरमा दर्ता कायम भएको **कोहिनोर सप्लायर्स**। दर्ता नं. १८७२/०६९/०७०, दर्ता मिति : २०६९/०४/११, पान नः ६००५३४८११, दर्ता मिति : २०६९/०१/२० ठेगाना : सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. १, **प्रोप्राईटर : मुक्तिनाथ दहाल**	
व्यक्तिगत जमानतकर्ताहरु	
१. मुक्तिनाथ दहाल ना.प्र.नं. ९७०१२/९८०१२, जि.प्र.का. सुनसरी जारी मिति : २०६२/०१/०६ बाबु : कोशहरि दहाल बाजे : विष्णु प्रसाद दहाल ठेगाना : सुनसरी जिल्ला, भरौल गा.पा./न.पा. वडा नं. ४	**२. कमला तिम्सिना** ना.प्र.नं. २४३०/०६३०१८, जि.प्र.का. सुनसरी जारी मिति २०६३/१०/१८ पति : मुक्तिनाथ दहाल, ससुरा : कोशहरि दहाल ठेगाना : सुनसरी जिल्ला, बक्लौरी गा.वि.स. वडा नं. १ हाल : सुनसरी जिल्ला, भरौल न.पा./गा.पा. वडा नं. ४
धितोमा रहेको सम्पतिको विवरण	
१. विष्णु प्रसाद दहालको नाति, कोशहरि दहालको छोरा, सुनसरी जिल्ला, भरौल गा.पा./न.पा. वडा नं. ४ बस्ने मुक्तिनाथ दहालको नाममा मालपोत कार्यालय सुनसरीमा दर्ता कायम भएको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ८ क स्थित कि.नं. २४११ को क्षेत्रफल ०-०-८-० (बिगाह) जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत। २. कोशहरि दहालको बुहारी, मुक्तिनाथ दहालको पत्नी, सुनसरी जिल्ला, बक्लौरी गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, भरौल न.पा./गा.पा. वडा नं. ४ बस्ने कमला तिम्सिना (दाहाल) को नाममा मालपोत कार्यालय सुनसरीमा दर्ता कायम भएको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ५ घ स्थित कि.नं. २३५३ को क्षेत्रफल ०-१-०-० (बिगाह) जग्गा तथा उक्त जग्गामा निर्मित घर आदि सम्पूर्ण लिगलगापात समेत। ३. ऋणी कोहिनोर सप्लायर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्तिहरु र हक हस्तान्तरण सम्बन्धी सम्झौतापत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।	
लिलाम बिक्रीको शर्त तथा बन्देजहरु	
१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ। २. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन। ३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक बिदा परेमा बिदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन बिदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ। ४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। ५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ। ६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ। ७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। ८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ। ९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ। १०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ। ११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन। १२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन। १३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ। **पुनश्च :** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।	
बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान : २०८०/११/१३ आइतबार कार्यालय समय सम्म शाखा कार्यालय, ईटहरी	**बोलपत्र खोलिने मिति, समय र स्थान :** २०८०/११/१४ सोमबार दिनको ३:३० बजे शाखा कार्यालय, ईटहरी

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, ईटहरी

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Panipokhari, Kathmandu

Re-Invitation of sealed quotation for the procurement of supply and delivery of stationary items

Date of Publication: 2080/10/22

1. The Department of Water Supply and Sewerage Management re-invites electronic sealed quotations from registered suppliers for the procurement of supply and delivery of different types of stationery Items.
2. Eligible Bidders/suppliers may obtain further information at the website of DWSSM office, Panipokhari, Kathmandu; phone no.: 01-4006528 or may visit PPMO website www.bolpatra.gov.np.

यलुङ बचत तथा ऋण सहकारी संस्था लि.
Yalung Saving & Credit Co–operative Ltd.
मुख्य कार्यालय, रामहिटी बौद्ध, फोन नं. ०१-४८१९८९१
Email: yalungscc@gmail.com

कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीको ३५ दिने सार्वजानिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/१०/२२)

यस संस्थाका तपसिलमा उल्लेखित ऋणी सदस्यले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा प्राप्त गरि यस संस्था संग भए गरेको लिखित शर्त, सम्झौता बमोजिम तोकिएको समय अवधिमा तिर्न बुझाउनु पर्ने कर्जाको सांवा, ब्याज तथा हर्जाना रकम समेत नतिरी नबुझाई भाखा नघाई संस्थासँग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लघंन गर्नु भएकोले तपाई ऋणी उपर ऋण कर्जाको साँवा ब्याज तथा हर्जाना लेना रकम समेत चुक्ता भुक्तान गर्न आउनु भनी पटक-पटक मौखिक तथा लिखितपत्र मार्फत तरताकेता गर्दा समेत संस्थाको ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता तथा अटेरी गरि वस्तु भएको ले यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालय रामहिटी, बौद्ध काठमाडौंमा सम्पर्क राखी संस्थालाई बुझाउनु पर्ने कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा सहकारी ऐन, २०७४ सहकारी निय

तेस्रो देशका नागरिकलाई काँकडभिट्टाबाट नेपाल प्रवेशमा भारतको अवरोध

चार वर्षदेखि भुटानबाहेक तेस्रो देशका नागरिकले आवतजावत गर्न पाएननन्



मेची भन्सार कार्यालय काँकडभिट्टाका प्रमुख रामप्रसाद रेग्मी भन्छन्–

तेस्रो देशका नागरिक आउन पाउने हो भने यहाँको पर्यटन, होटेल व्यवसाय फस्टाउँछ । पूर्वको पर्यटकीय स्थल धेरै यही क्षेत्रमा छन् । दार्जिलिङ, सिक्कम आएका मान्छेहरू नेपाल आउने र नेपाल आएका पर्यटक त्यता जान सक्थे । तर, अहिले तेस्रो देशका नागरिकको आवतजावत बन्द हुँदा पर्यटन, होटेल व्यवसायमा ठूलो प्रभाव परेको छ ।



पूर्वी नाका काँकडभिट्टामा सुरक्षा जाँच गर्दै सुरक्षाकर्मी । **तस्बिर : नयाँ पत्रिका**

झापामा **चिरञ्जीवी घिमिरे**

पूर्वी नाका भएर नेपाल आउने तेस्रो देशका नागरिकलाई भारतले चार वर्षअघि लगाएको रोक अझै कायम छ । भुटानबाहेकका देशका नागरिकलाई पूर्वी नाका काँकडभिट्टा भएर नेपाल प्रवेशमा भारतले रोक लगाउँदै आएको हो ।

चैत ०७६ मा कोरोना महामारीका कारण नाका बन्द भएसँगै रोकिएको आवतजावत भारतले अझै खोलेको छैन । अर्थात् पूर्वी नाका औपचारिक रूपमा खुल्न सकेको छैन । भारतले अहिले नेपाल प्रवेश गर्ने भुटानी नागरिक र भारत आउन भिसा आवश्यक नपर्ने तेस्रो देशका नागरिक (एनआरआई)लाई मात्र नेपालतर्फ पठाइरहेको अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख रेवन्त भट्टराईले जानकारी दिए ।

कोरोना महामारी सुरु भएसँगै तेस्रो देशका नागरिक आवतजावतमा भारतले रोक लगाएको हो । 'भारतको रानीगन्जमा रहेको चेकपोस्टले एक्जिट गर्नुपर्छ । उसले नेपालतर्फ आउने तेस्रो देशका नागरिकलाई यता पठाउँदै पठाउँदैन । नेपालको भिसा भए पनि उसले यो नाकाबाट नेपालतर्फ पठाउँदैन,' उनले भने, 'भारतको भिसा भएका तेस्रो देशका नागरिकलाई हामीले नेपालबाट पठायो भने पनि उता (भारत)बाट फिर्ता पठाउँछ । तेस्रो देशका नागरिक आवतजावतमा भारतको अवरोध छ ।'

विगतमा यो नाका भएर वार्षिक नौ हजारभन्दा बढी तेस्रो देशका पर्यटक नेपाल भित्रने गरेका थिए । तर, अहिले भुटान र भारतमा भिसा नलाग्ने नागरिक गरी वार्षिक तीन हजारहाराहारी मात्र नेपाल प्रवेश गर्ने गरेको भट्टराईले जानकारी दिए । 'यहाँबाट विगतमा सबैभन्दा धेरै बंगलादेशी नागरिक आवतजावत गर्थे । यहाँबाट करिब ४५ किलोमिटर दूरी मात्र भएकाले तेस्रो देश जान र पर्यटनका लागि बंगलादेशी नागरिक आउँथे । त्यसपछि भुटानी नागरिक थिए,' उनले भने, 'भारत गुम्न आएका अन्य देशका नागरिक नेपालतर्फ आउने र नेपाल आएका अन्य देशका नागरिक भारततर्फ जाने गरेका थिए । अहिले यो ठप्प छ ।'

यसरी तेस्रो देशका नागरिक नेपाल प्रवेश रोकिनुको औपचारिक कारण भने अझै भारतले नदिएको उनले बताए । नाकामा तेस्रो देशका नागरिकमाथि भएको अवरोध खुला गर्नका लागि दुई वर्षदेखि पहल गरिरहेको अध्यागमन प्रमुख भट्टराईको भनाइ छ । 'प्रमुख जिल्ला अधिकारीज्यूले भारततर्फको काउन्टरपार्टसँगको छलफलमा पनि कुरा राखिरहनुभएको छ । तर, यताबाट औपचारिक रूपमा यस्तो भएको हो भन्ने जानकारी आएको छैन,' उनले भने, 'मन्त्रालय, विभागमा पनि जानकारी गराएका छौं । हामीले निरन्तर पहल गरेका छौं । तर, प्रतिफल आएको छैन ।'

मेची भन्सारबाट तेस्रो देशका नागरिक आवतजावत बन्द हुँदा यहाँको पर्यटन व्यवसायमा प्रत्यक्ष असर परेको मेची भन्सार कार्यालय काँकडभिट्टाका प्रमुख रामप्रसाद रेग्मीले बताए । 'तेस्रो देशका नागरिक आउन पाउने हो भने यहाँको पर्यटन, होटेल व्यवसाय फस्टाउँछ । पूर्वको पर्यटकीय स्थल धेरै यही क्षेत्रमा छन् । दार्जिलिङ, सिक्कम आएका मान्छेहरू नेपाल आउने र नेपाल आएका पर्यटक त्यता जान सक्थे,' उनले भने, 'तर, अहिले अहिले तेस्रो देशका नागरिकको आवतजावत बन्द हुँदा पर्यटन, होटेल व्यवसायमा ठूलो प्रभाव परेको छ ।'

तेस्रो देशका नागरिकलाई आवतजावतमा भारतले अवरोध गर्दा यसको असर पर्यटन र होटेल व्यवसायमा देखिएको ट्राभल्स संघ झापाका अध्यक्ष नेत्र कार्कीले बताए । काँकडभिट्टाका कतिपय होटेल बन्द भएको उनको भनाइ छ । 'नाकामा तेस्रो देशका नागरिकलाई अवरोध भएको कुरा नेपाल सरकारले सूचना गर्दैन । पर्यटकहरू पानीट् यांकी पुगेर फर्कन्छन्,' उनले भने, 'यो अवस्थाले पर्यटन र होटेल व्यवसाय डामाडोल छ । सरकारको ध्यानकर्षण गराएका छौं । कसैले सुन्नेवाला छैन ।'

■ नेपालबाट भारत जानसमेत कडाइ

भारतले तेस्रो देशका नागरिकलाई आवतजावत रोकेको मात्र छैन । भारततर्फ जाने नेपाली नागरिकलाई समेत कडाइ गरेको छ । कोरोना महामारीअघिसम्म भारत जान नेपालीलाई र नेपाल आउन भारतीयलाई केही कागजात आवश्यकता पर्दैन थियो । तर, अहिले नेपालबाट भारत जाने र भारतबाट नेपाल आउनेलाई अनिवार्य परिचयपत्र देखाउनुपर्ने अवस्था छ । 'विगतमा केही पर्दैन थियो । कोरोनापछि परिचयपत्र अनिवार्य गरियो । केही महिनापहिलासम्म मोबाइलमा र फोटोकपी देखाउँदा हुन्थ्यो । अहिले सक्कल नै देखाउनुपर्ने अवस्था छ,' कार्कीले भने, 'झन्झटिलो चेकिङ र घण्टौं लाइन बस्नुपर्ने अवस्थाले यो नाका पर्यटकको रोजाइमा पर्न छाडेको छ । यहाँबाट ओहोरदोहोर गर्ने पर्यटकहरू वीरगन्ज र रक्सौलबाट हिँड्न थालेका छन् ।'

वीरलाई बजेट दिन मन्त्रालयको कन्जुस्याइँ

बिरामीका खाना र अक्सिजनका लागि साढे चार करोड दिए पनि अझै अभाव

शिवहरि घिमिरे/नयाँ पत्रिका

वीर अस्पतालका बिरामीका लागि खाना र अक्सिजन खरिद गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बजेट दिए पनि अन्य अत्यावश्यक खर्चका लागि बजेट दिन कन्जुस्याइँ गरेको छ । माघ पहिलो साता मन्त्रालयले बिरामी खाना र अक्सिजन खरिदका लागि साढे चार करोड रुपैयाँ खातामा पठाएको थियो । तर, यति बजेटले अस्पतालको अत्यावश्यक खर्च धान्न नसकिने वीर अस्पतालले जनाएको छ । हाल ल्याब मर्मत, सेक्युरिटी गार्डलाई तलब, मेडिकल तथा सर्जिकलको सामान खरिदलगायतका लागि बजेट अभाव देखिएको छ ।

वीरका मेडिकल स्टोर प्रमुख टीकाराम पनेरूका अनुसार स्वास्थ्य मन्त्रालयले पर्याप्त बजेट नदिँदा अस्पतालको खर्च धान्न कठिन परिरहेको छ । गत वर्ष मन्त्रालयले वीर अस्पताललाई बिरामीलाई दिइने खाना-खाजासहितको रकम गरी एक अर्ब ४३ करोड बजेट छुट्याएको थियो । तर, यस वर्ष मन्त्रालयले वीरको बजेटमा कटौती गरेको छ । चालू आवमा ७३ करोड मात्रै बजेट छुट्याएको थियो । तर, कर्मचारी थोरै रहेको वीरसँगै रहेको राष्ट्रिय ट्रमा सेन्टरलाई ६३ करोड बजेट दिएको थियो । स्वास्थ्यकर्मी, प्रशासन, सफाइकर्मी, सेक्युरिटीलगायत गरी दुई हजारहाराहारी कर्मचारी रहेको अस्पताललाई मन्त्रालयले बजेट विनियोजन गर्दा नै विभेद गरेका कारण त्यसको असर अहिले देखिएको अस्पताल प्रशासनले जनाएको छ । यस वर्ष दिएको बजेटले केन्द्र सरकारबाट नियुक्ति पाएका स्वास्थ्यकर्मीलाई तलब दिन मात्रै पुग्ने अस्पताल प्रशासनले जनाएको छ । अस्पतालका उपकरण मर्मतसम्भार, नयाँ उपकरण खरिद, स्वास्थ्यकर्मीलाई ओभरटाइम सुविधा, विपन्न तथा बेवारिसे बिरामीको उपचार खर्चलगायतका लागि खर्च पुग्दैन ।



■ प्रकाश बुढाथोकी
प्रवक्ता, स्वास्थ्य मन्त्रालय

वीर अस्पताललाई चाहिने अत्यावश्यक बजेट दिन्छौं, खाना र अक्सिजनको बजेट दिइसकेका छौं । अब अन्य अत्यावश्यक बजेट कुन क्षेत्रमा चाहिन्छ त्यो हेरेर मात्रै दिन्छौं ।

अस्पताल प्रशासनले यस वर्षका लागि सबैखाले शीर्षकमा अझै करिब ५० करोड बजेट चाहिने जनाएको छ ।

९ पुसको नयाँ पत्रिका दैनिकमा 'स्वास्थ्य मन्त्रालयले खोस्यो वीरका बिरामीले १३३ वर्षदेखि पाइरहेको खाना-खाजा' शीर्षकको समाचार प्रकाशन भएको थियो । उक्त समाचार प्रकाशनपछि सर्वोच्चले खाना र अक्सिजनको बजेट नरोक्न अन्तरिम आदेश समेत जारी गरेको थियो । त्यसलगत्तै स्वास्थ्य मन्त्रालयले वीरका बिरामीको खाना र अक्सिजनबापतको साढे चार करोड रुपैयाँ बजेट अस्पतालको खातामा पठाएको थियो । खानामा कति र अक्सिजनमा कति भनेर मन्त्रालयले छुट्याएको छैन । चालू आव ०८०/८१ का लागि दशेको समग्र स्वास्थ्य क्षेत्रमा कुल ८३ अर्ब ८९ करोड बजेट विनियोजन गरिएको छ । तर, देशकै ठूलो र पुरानो वीर अस्पताललाई स्वास्थ्य मन्त्रालयले अपुग बजेट दिएपछि खर्च व्यवस्थापनमा समस्या देखिएको छ । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले वीरमा अत्यावश्यक क्षेत्रको बजेट नरोक्ने दाबी गरे । 'वीर अस्पताललाई चाहिने अत्यावश्यक बजेट दिन्छौं, खाना र अक्सिजनको बजेट दिइसकेका छौं,' उनले भने, 'अब अन्य अत्यावश्यक बजेट कुन क्षेत्रमा चाहिन्छ त्यो हेरेर मात्रै दिन्छौं, यसपटक बजेटको आकार नै सानो थियो, गत वर्ष फालाफाल बजेट वीरलाई दिएका थियौं ।' उनले यस वर्ष समग्र स्वास्थ्य क्षेत्रको बजेट कम भएकाले अस्पताललाई दिने बजेटको आकार कम भएको जानकारी दिए । हाल अस्पतालको मासिक आम्दानी र खर्च बराबरी छ । मासिक तीन करोड आम्दानी हुन्छ भने खर्च पनि सोहीबराबर रहेको अस्पतालले जनाएको छ । अझै केन्द्रले दरबन्दी मिलान नगरेपछि आन्तरिक आम्दानीबाट तलब खुवाउने गरी स्वास्थ्यकर्मी तथा कर्मचारी थपिँदै आएका छन् ।

एक लाख ३७ हजारसहित १२ जुवाडे पक्राउ

कास्की/ एक लाख ३७ हजार एक सय २० रुपैयाँ नगदसहित प्रहरीले पोखराबाट १२ जनालाई पक्राउ गरेको छ । पैसा राखेर तास खेलिरहेका सात र लुँडो खेलिरहेका पाँचजनालाई पक्राउ गरेको हो । उनीहरूलाई दुई स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनकुमार थापाले जानकारी दिए । थापाका अनुसार पोखरा- १२ अमरसिंह चोकस्थित प्रगतिनगर टोलमा डेरा गरी बस्ने नरबहादुर गुरुङको कोठाबाट दुई सय १२ पत्ती ताससँगै नगद ६४ हजार आठ सय ९५ सहित सातजना र पोखरा- ११ धरहरा मार्गबाट लुँडो खेलिरहेको अवस्थामा नगद ७२ हजार दुई सय २५ सहित पाँचजनालाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमा प्रगतिनगर टोलबाट नरबहादुर गुरुङ, पोखरा- १२ फूलबारी बस्ने बलराम थापा, पोखरा- १२ गुठीटोल बस्ने भीमबहादुर मगर, पोखरा- १२ लालीगुँरास टोल बस्ने कृष्णकुमारी गुरुङ, पोखरा- १२ हस्पिटल चोक बस्ने सोमबहादुर तामाङ, पोखरा- १२ लालीगुँरास टोल बस्ने जसबहादुर गुरुङ र पोखरा- १२ गोरखालाइन बस्ने मीना गुरुङ रहेकी छिन् । यसैगरी पोखरा- ११ धरहरा मार्गमा लुँडो खेलिरहेका पोखरा- ११ फूलबारी बस्ने प्रदीपबहादुर गुरुङ, पोखरा- ६ लेकसाइड बस्ने विकास विक, पोखरा- ११ फूलबारी बस्ने सुनील सारू मगर, पोखरा- ११ फूलबारी बस्ने धनश्री पुन र पोखरा- ११ फूलबारीका किसान पुन पनि पक्राउ परेका छन् ।

आलुमा राखेर ब्राउनसुगर ल्याउँदै गरेका दुईजना पक्राउ

बाँके/ आलुको भित्री भागमा राखेर ल्याउँदै गरेको लागुऔषध ब्राउनसुगरसहित प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । आलुको भित्री भाग फालेर त्यसभित्र ब्राउनसुगर लुकाएर ल्याउने क्रममा इलाका प्रहरी कार्यालय जमुनाहले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महेन्द्रनगर नगरपालिका- ३ कञ्चनपुरका २ ९ वर्षीय तीर्थराज पन्थ र भारतको बहराइच रुपैडिहाका २५ वर्षीय अनवर हुसेन रहेका छन् । भारतीय बजार रुपैडिहाबाट मोटरसाइकलमा नेपालगन्जतर्फ आउँदै गरेका उनीहरूले आलुलाई दुई टुक्रा बनाई भित्री भाग फालेर त्यसभित्र ६ ग्राम ब्राउनसुगर राखेर ल्याउँदै गर्दा पक्राउ परेको बाँकेका प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले जानकारी दिए । 'खोजतलास गर्दा आलुको भित्री भाग फालेर त्यसभित्र ६ ग्राम ब्राउनसुगर राखेर ल्याएको फेला पऱ्यो,' उनले भने ।

प्रदेश कमिटीको हस्तक्षेपपछि एमाले धादिङको अधिवेशन स्थगित

अध्यक्ष केपी ओलीले इन्चार्जसहित जिल्ला नेतृत्वलाई काठमाडौं बोलाए

नयाँ पत्रिका

बन्दसत्र सञ्चालनमा विवाद भएपछि शुक्रबारबाट सुरु एमाले धादिङ जिल्ला अधिवेशन बागमती प्रदेशले स्थगित गराएको छ । प्रदेश अध्यक्ष कैलाश ढुंगेलले जारी गरेको स्थगनको सूचनालाई चुनौती दिँदै जिल्ला अध्यक्ष भूमि त्रिपाठीले अधिवेशन चलाउने सूचना जारी गरेपछि भएको विवादमा केन्द्रीय कार्यालयले समेत चासो राखेको छ । प्रदेश र जिल्ला अध्यक्षको फरक-फरक विज्ञप्तिपछि उत्पन्न अन्योल र विवाद समाधानका लागि अध्यक्ष केपी ओलीले इन्चार्जसहित जिल्ला नेतृत्वलाई छलफलका लागि काठमाडौं बोलाएका छन् । इन्चार्जसहित जिल्ला नेतृत्व काठमाडौं आएसँगै अधिवेशन अनिश्चितकालका लागि स्थगित भएको छ । दुवै पक्षको आरोप-प्रत्यारोपपछि केन्द्रीय कार्यालयले समाधानका लागि छलफल चलाएको हो ।

प्रदेश अध्यक्ष ढुंगेलले तत्कालका लागि स्थगित भए पनि केन्द्रीय कार्यालयसमेतको परामर्शपछि अधिवेशन सञ्चालन हुने बताए । 'अहिलेलाई स्थगित छ, केन्द्रीय कार्यालयसमेतको परामर्शमा सञ्चालन हुनसक्छ,' ढुंगेलले भने । उनले जिल्ला अध्यक्षको जबर्जस्तीका कारण असहज परिस्थिति देखिएको र शनिबार अधिवेशनमा अशान्त परिस्थिति देखिएको भन्दै आइतबार अधिवेशन स्थगनको सूचना जारी गरेका थिए ।

'जिल्ला कमिटीको अन्तिम बैठकमा बन्दसत्रमा प्रस्तुत गरिने आवश्यक दस्तावेज, कतिपय नीतिगत निर्णय, बन्दसत्र सञ्चालनका लागि आवश्यक अध्यक्षमण्डललगायत विभिन्न समितिमा रहने नेताको नाम र जिल्ला कमिटीबाट पाँच प्रतिशतले मनोनयन हुने प्रतिनिधिका सम्बन्धमा जिल्ला कमिटी अध्यक्षबाट प्रस्ताव प्रस्तुत हुँदा बैठकका सहभागीबाट छलफलको माग गर्दैगर्दा जिल्ला कमिटी अध्यक्षले जबर्जस्ती प्रस्ताव पेस गर्दै एकलौटी निर्णय भएको घोषणा गर्न खोजेपछि बैठक कक्षमा असहज परिस्थिति सिर्जना हुन पुग्यो,' ढुंगेलको विज्ञप्तिमा छ, 'जसको फलस्वरूप जिल्ला कमिटीका सदस्य र नेताहरूमाथि हुलहुज्जत र धक्कामुक्कासमेत भयो । सो दिनको भोलिपल्ट २० माघमा बन्दसत्रको सुरुवातबाट नै अधिल्लो दिनभन्दा बढी असहज, आक्रामक र आतंकित परिस्थिति देखापऱ्यो । यही क्रममा भिडन्त भई पार्टी कार्यकर्ता सन्तोष खनालको हात भाँचिएको छ ।'

उनको विज्ञप्तिअनुसार जनसंगठनबाट प्रतिनिधित्व गराउँदा जनसंगठन समन्वयसम्बन्धी निर्देशिका, ०७८ बमोजिम वर्गीकरण गरी प्रतिनिधिको प्रबन्ध भएको थिएन । 'बन्दसत्रमा प्रवेश गर्नुअगाडि प्रतिनिधि निर्क्योल गर्ने विषयमा समेत अन्योल कायम रहेको अवस्था देखियो । त्यति हुँदाहुँदै पनि पटकपटक वार्ता-छलफलबाट समस्या समाधान गरी बन्दसत्र सुचारु गर्ने प्रयास गरियो, तर सम्भव भएन र झनझन् असान्त, असहज परिस्थिति देखा पऱ्यो,' उनको विज्ञप्तिमा छ, 'तसर्थ यो अधिवेशनलाई मर्यादित र विधिसम्मत तरिकाले सम्पन्न गर्न सम्भव नदेखिएकाले अर्को सूचना जारी नहुन्जेलसम्मका लागि यो अधिवेशन स्थगित गरिएको छ ।' तर, जिल्ला अध्यक्ष त्रिपाठीले असन्तुष्ट पक्षले हुलहुज्जत गरे पनि बन्दसत्र निरन्तर चलिरहेको भन्दै भ्रममा नपर्न विज्ञप्ति जारी गरेका थिए ।

धादिङको जिल्ला नेतृत्वका लागि वर्तमान अध्यक्ष त्रिपाठी र जिल्ला नेता रामकुमार अधिकारी आकांक्षी छन् । अधिकारीलाई प्रदेश अध्यक्ष ढुंगेलले साथ दिएका छन् । तर, त्रिपाठी पक्षले भने आफ्नो पक्षमा प्रतिनिधिको स्पष्ट बहुमत देखिएपछि प्रदेश अध्यक्षले नै स्थगित गराउन खोजेको आरोप लगाएको छ ।

■ तीन मुद्दामा संसद्मार्फत सरकारलाई दबाब दिने एमाले निर्णय

प्रमुख विपक्षी दल एमालेले सरकारले संसद्लाई बिजनेसविहीन बनाउन खोजे कानुन निर्माणका लागि दबाब र खबरदारी गर्ने निर्णय गरेको छ । संसदीय दलको आइतबारको बैठकले तत्काल आवश्यक पर्ने विधेयक संसद्मा प्रस्तुत गरेर संसद्लाई कानुन निर्माणको प्रभावकारी थलो बनाउने काममा सरकारले उदासीनता देखाए दबाब र खबरदारी गर्ने निर्णय गरेको हो ।

'संसद् कानुन निर्माण गर्ने थलो हो, तर सरकारले बिजनेस दिन नचाहेको हो कि जस्तो पनि देखिन्छ । एक सय ५१ वटा कानुन बनाउनुपर्ने छन्, तीमध्ये ४० वटा त तत्कालै बनाइहाल्नुपर्ने अवस्था छ,' संसदीय दलका सचेतक महेश बर्तौलाले नयाँ पत्रिकासँग भने,'यदि यी काममा सरकारले अग्रसरता देखाएन, मानेन भने दबाब र खबरदारी गर्ने बैठकको निर्णय गरेको छ ।' त्यस्तै, बैठकले राष्ट्रिय सरोकार र जनतासँग प्रत्यक्ष जोडिएका मुद्दामा सशक्त र प्रभावकारी भूमिका निर्वाह गर्ने, संसद् र संसदीय समितिको बैठकमा अनुपस्थित भएर प्रभावकारी भूमिका नखेली अन्य काममा नलाग्न कडाइका साथ सांसदलाई निर्देशन दिने निर्णय पनि गरेको छ । बढ्दो युवा पलायन रोक्न उपयुक्त नीति तथा कार्यक्रम प्रस्तुत गर्न सरकारलाई दबाब दिने बैठकको निर्णय छ । शनिबारबाट सुरु भएको बैठकमा सांसदहरूले संसद्लाई प्रभावकारी बनाउने विषयमा आ-आफ्ना सुझाव र जिज्ञासा राखेका थिए ।

■ गलत कुराको सख्त विरोध गर्नुस् : ओली

एमाले अध्यक्ष केपी ओलीले सरकारको गलत कदम र कामकारबाहीको सख्त आलोचना र विरोध गर्न निर्देशन दिएका छन् । संसदीय दलको बैठकमा सांसदहरूलाई संसद्मा पार्टीका तर्फबाट प्रभावकारी भूमिका खेल्न ध्यानाकर्षण गराउँदै ओलीले त्यस्तो निर्देशन दिएका हुन् ।

उनले कसैले गलत कुरा बोलिहाल्यो भन्दैमा रेकर्डबाट हटाइयोस् भनेर गल्ती सच्याइदिनुको कुनै अर्थ नहुने पनि बताए । 'रेकर्डबाट हटाइयोस् भन्ने उसले माग गर्नुपर्ने हुन्छ नि ! हामीले गलत बोल्यो, रेकर्डबाट हटाइपाऊँ भनेर त्यो रेकर्डबाट हटाएर राम्रो, राम्रो बोलेको मात्रै राखिदिने, नराम्रो बोलेको नराख्ने । अगतिलो मान्छे रहेछ भन्ने लुकाइदिने किन गर्नुपरेको छ र ? त्यसकारण गलत कुराको सख्त आलोचना गर्नुपर्छ, विरोध गर्नुपर्छ । हामीले विरोध गरेपछि पुगिहाल्यो नि !' ओलीले बैठकमा भने । गलत कामको विरोध र सख्त आलोचना गर्दा नै पर्याप्त हुने भन्दै ओलीले सम्बन्धित सांसदको गल्ती सच्याइदिने र लुकाइदिने कुराको कुनै अर्थ नहुने पनि प्रस्ट्याए ।

सटर भाडामा लगाएका सामुदायिक विद्यालयसँग विवरण माग्दै महानगर


नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले सटर र जग्गा भाडामा लगाएका सामुदायिक विद्यालयको अनुगमन थालेको छ । महानगरको शिक्षा विभागको टोलीले १२ माघदेखि सटर तथा भाडामा लगाउने सामुदायिक विद्यालयको अनुगमन सुरु गरेको हो ।

पहिलो दिन १२ माघमा शिक्षा विभाग प्रमुख सीताराम कोइराला आफैंले केही विद्यालयको अनुगमन गरेका थिए । तर, हाल उनी विवादमा मुछिएपछि बिदामा छन् । शिक्षा विभाग प्रमुख कोइराला बिदामा भए पनि विभागका अन्य कर्मचारीले महानगरभित्रका सामुदायिक विद्यालयको सटर भाडाको विवरण संकलन गरिरहेका छन् । टोलीले हालसम्म महानगरका ७४ वटा सामुदायिक विद्यालयमा अनुगमन गरिसकेको छ । प्रारम्भिक तथ्यांकअनुसार २७ वटा विद्यालयले सटर भाडामा लगाएका छन् । टोलीले १२ माघमा पशुपति मित्र माध्यमिक विद्यालय चाबहिल, जनविकास माबि बल्खु, जुद्धोदय माबि क्षेत्रपाटी, परोपकार माध्यमिक विद्यालय भीमसेनथान, विजय स्मारक माध्यमिक विद्यालय डिल्लीबजार, पद्मकन्या विद्याश्रम माबि डिल्लीबजार, जनकल्याण माबि महाँकाललगायतमा पुगेर भाडामा लगाइएका सटरबारे अवलोकन गरेको थियो । त्यसयता नन्दी रात्रि माबि, धुम्रवराह माबि, टंगाल माबि, शारदा आधारभूत विद्यालय, गुह्येश्वरी माविलगायतमा अनुगमन गरेको छ । अनुगमनपछि महानगरको टोलीले सटर भाडासँग सम्बन्धित सबै विवरण मागेको थियो । तर, कतिपय विद्यालयले सटर भाडाको आर्थिक विवरण महानगरलाई दिन आनाकानी गरेको महानगरपालिका शिक्षा विभागले जनाएको छ ।

विभागका अनुसार सटर भाडामा दिएका विद्यालयसँग त्यसको विवरण र प्रक्रियाबारे स्पष्टीकरण मागिएको थियो । तर, कतिपयले अझै विवरण बुझाएका छैनन् । १० माघको नयाँ पत्रिका दैनिकमा 'विद्यार्थीलाई साँघुरा कोठा, खेलमैदान पनि अभाव, तर सटर बनाएर भाडामा लगाउँछन् विद्यालय' शीर्षकको समाचार प्रकाशन भएको थियो ।

महानगरले सटर तथा जग्गा भाडामा लगाउने विद्यालयको तथ्यांक संकलन पनि थालेको छ । महानगरभित्र कारागारभित्रका बाहेक ८४ वटा सामुदायिक विद्यालय छन् । यसमध्ये आधाभन्दा बढी सामुदायिक विद्यालयले सटर वा जग्गा भाडामा लगाएको हुन सक्ने महानगरको अनुगमन छ । महानगरपालिका आफैंले कुनै नियम नै बनाएर सटर तथा भाडामा दिन पाउने व्यवस्था गर्ने तयारी गरेको छ । प्रक्रिया पूरा नगरी जग्गा तथा सटर भाडामा लगाउने विद्यालयलाई कारबाही गर्ने महानगरले जनाएको छ । यस्तै, मनपरी तरिकाले स्कुलको जग्गा भाडामा लगाउनेलाई पनि कारबाही गर्ने र भाडामा लगाएको सम्झौता खारेज गर्ने महानगरको योजना छ ।



कांग्रेसमा कस्ता नीतिको संवाद होला ?

बिपीको लोकतन्त्र, समाजवाद र राष्ट्रियतालाई अंगीकार गरेको नीति न पार्टी, न त नेताले अवलम्बन गरेका छन्



● भुवन न्यौपाने

अग्रलेख

सत्ता गठबन्धन र संसद्को ठूलो दल नेपाली कांग्रेसको हालै सम्पन्न केन्द्रीय समिति बैठकमा सरकार सञ्चालन र संसद्मा पार्टीको भूमिकाका सन्दर्भमा निकै पेचिला आरोप-प्रत्यारोप भए। समुदायमा कांग्रेस अभियानमा पनि जनताका उस्तै गुनासा छन्। संस्थापन पक्षबाट बचाउ र संस्थापन इतरमा विगतकै जस्तै विरोधका स्वरहरू सुनिएका छन्। महाधिवेशन सम्पन्न भएपछि महासमिति सम्मेलनमार्फत नीति मन्थन गर्ने प्रतिबद्धता गरेको कांग्रेस आफ्नै कार्यतालिकाबाट पछि परेको मात्र होइन, पार्टीको समयानुकूल नीति तय नहुँदा सरकार र संसद्को प्रभावकारिताका साथै जनअपेक्षाबाट पनि चुकिरहेको देखिन्छ। अहिले कांग्रेसको जिम्मेवारी र कार्यसम्पादनलाई प्रश्न गर्न सकिने आधार-कारणहरू छन्। यद्यपि, महासमितिमार्फत नीति मन्थन गर्ने उद्घोष गरेको कांग्रेसले समुदाय र अधिवेशनमा कस्ता नीतिका बारेमा संवाद गर्ला भन्ने चासोको विषय हो।

विश्वको बदलिँदो राजनीति र भूराजनीति टकराव, आर्थिक-सामाजिक र सांस्कृतिक चुनौती, सूचना तथा सञ्चारको विकास, सामाजिक सञ्जालको प्रभावसँगै प्रविधिमा उच्चतम विकास एआईको उदय, सन्निकटको आर्थिक संकट, बढ्दो बेरोजगारी दर र गरिबी, जलवायु परिवर्तनका असरलगायतका ज्वलन्त समस्यासँग नेपाल पनि जुधिरहेको छ। साथै, संविधानको प्रभावकारी कार्यान्वयन, संघीयताका सन्दर्भमा उब्जिएका प्रश्न, हिन्दू राष्ट्र र राजतन्त्रका मन्द स्वरहरू, भ्रष्टाचारका प्रकरणहरूको धारावाहिक खुलासा, प्रदेश सरकारको औचित्य र स्थानीय सरकारमा बढ्दो भ्रष्टाचारको ग्राफकाबीच कांग्रेसले सुधारका कस्ता नीति तय गर्ला ? समुन्नतिको व्यग्र जनचाहनामा कांग्रेसले अबको दशक कस्ता एजेन्डाहरू बोकेर पार्टीलाई आधुनिक लोकतन्त्रको हिमायती बनाउला ? राज्यको रूपान्तरणमा कस्ता कार्यनीति तय गरेर जनअपेक्षालाई सम्बोधन गर्न सक्छ होला ? प्रश्न अनेक छन्।

शान्तिप्रक्रिया, संविधान र लोकतान्त्रिक निर्वाचन सम्पन्न गर्न सफल देखिएको कांग्रेस सत्तामा रहँदा शासकीय कौशलताका सवालमा भने अपेक्षित रूपमा सफल देखिरहेको छैन। अहिले स्थानीय तहमा सबैभन्दा धेरै सरकारको नेतृत्व, प्रतिनिधि र प्रदेश सभामा सबैभन्दा धेरै सिट हासिल गरेको ठूलो पार्टीका रूपमा आफ्नो पहिचान राखे तापनि सत्ता सहकार्य र नेतृत्वदायी भूमिकामा भने सफल देखिँदैन। बहुदलपछि कांग्रेस सबैभन्दा धेरै समय सत्तामा छ। कांग्रेसकै नेतृत्वमा मुलुकले विभिन्न परिणाम पनि निकालेको छ। राजनीतिक संक्रमणको आरोह-अवरोह सामनादेखि तिनको समाधानको उपाय पनि कांग्रेसकै नेतृत्वले पूरा गरेका विगतका उदाहरण छन्। तर, पछिल्लो समय भने कांग्रेसमाथि प्रश्नहरू छन्।

नीतिविनाको गन्तव्य

कांग्रेसको इतिहासमा महासमितिको बैठक बसेर पार्टीको आन्तरिक विषयमा सामान्य छलफल गरे तापनि पार्टीको समकालीन र दीर्घकालीन नीतिका सन्दर्भमा पर्याप्त छलफल भएका छैनन्। संसद्को सबैभन्दा ठूलो पार्टी कांग्रेसले महाधिवेशनबाट नेतृत्व चयन गरेपछि एक वर्षमा महासमिति बैठक गरेर दलको नीति तय गर्ने योजना राखे तापनि अझै यसको निश्चित मिति तय हुन सकेको छैन। शासकीय व्यवस्थाको समायानुकूल सुधार साथै पार्टीको रूपान्तरण, सरकार सञ्चालन र संसद्को प्रभावकारिताका सन्दर्भमा आगामी दशकको रूपरेखा तय गर्ने प्रतीक्षित अधिवेशन महत्त्वपूर्ण छ। यो अधिवेशनले कांग्रेसको भावी कार्यदिशा कोर्ने अपेक्षा गर्न सकिन्छ। तर, विगतका जस्तै कर्मकाण्डीशैलीमै व्यतीत भएमा कांग्रेस यथास्थितिबाट अगाडि बढ्न नसकेको सन्देश जानेछ। त्यसको फाइदा नवलोकप्रियतावादको घुम्टो ओढेर झ्याली पिट्नेहरूले लिनेछन्।

कांग्रेसले बिपीको लोकतन्त्र, समाजवाद र राष्ट्रियतालाई अंगीकार गरेको नीति न पार्टी, न नेताले अवलम्बन गरेका छन्। ठूलो सांगठनिक संरचना भएको पार्टी इतिहासको विरासतलाई वर्तमानमा समयानुकूल गराउन सकिरहेको छैन। नयाँ पुस्ता त अझ बिपीका सैद्धान्तिक एवं व्यावहारिक पक्षका बारेमा मतान्तरमा नै छ। पार्टीमा विचार, विमर्श, विज्ञता र विद्वताभन्दा दलालतन्त्र, धनतन्त्र, नातावाद मौलाउँदै गएको दृष्टान्त छ। पछिल्लो समय आन्तरिक लोकतन्त्रको अभ्यास गरिन थालिएको भए पनि नेतृत्वले स्वेच्छाचारिता त्याग गरिनसकेको पछिल्ला एकलौटे निर्णयहरूले नै पुष्टि गर्छन्। अहिले कांग्रेसले सेतो हात्तीमा चढेर शासन चलाइरहेको छ, तर त्यसको गन्तव्य कहाँसम्म हो तय छैन। त्यसैले उसका गतिविधिलाई लिएर जनताले बारम्बार प्रश्न तेर्स्याइरहेका हुन्छन्।

समयमा नीति बहस नहुनु विडम्बना हो। कांग्रेसको सुशासनको नीति के हो ? आर्थिक-सामाजिक रूपान्तरणको नीति कस्तो हो ? वैदेशिक नीति र कूटनीति कसरी सञ्चालन हुन्छन् ? बेरोजगार कति युवाहरूलाई के र कति समयमा रोजगारी सिर्जना गर्ने नीति छ ? आन्तरिक उत्पादन र उद्यमशीलता, लोककल्याणकारी राज्य, सामाजिक न्याय र सुरक्षा, निःशुल्क गुणस्तरीय शिक्षा र स्वास्थ्य, सुरक्षित आवास र स्वच्छ पर्यावरणमा कस्तो नीति अवलम्बन गर्दै छ ? यस्ता प्रतिनिधिमूलक प्रश्नहरू कांग्रेसले सम्बोधन गर्न अपरिहार्य छ।



अब विगतलाई देखाएर कांग्रेसले भविष्यको राजनीति गर्न सक्दैन। कांग्रेसले जनतालाई आशा जगाउन सक्नुपर्छ। विगतमा जस्तै निर्वाचनका बेलामा मतदातालाई घोषणापत्र मात्र सुम्पिने कि भावी कार्यदिशा र सम्मुन्नतिको सुस्पष्ट रेखाचित्र कोरेर जनताको रोजाइको दल बनाउने भन्ने आधारविन्दु यही हो। हिजो व्यवस्था ल्याउन गरेको योगदान अवको दशक सुशासन र समुन्नतिको नेतृत्व कांग्रेसले नै लिनुपर्छ। यस्ता विषय महासमितिको यसै नीति अधिवेशनले तय गर्न सकेन भने अबका दशक कांग्रेसको साख जनतामा सकारात्मक हुने अनुमान गर्न संकोच मान्नुपर्दैन।

> कांग्रेसले जनतालाई आशा जगाउन सक्नुपर्छ। विगतमा जस्तै निर्वाचनका वेलामा मतदातालाई घोषणापत्र मात्र सुम्पिने कि भावी कार्यदिशा र सम्मुन्नतिको सुस्पष्ट रेखाचित्र कोरेर जनताको रोजाइको दल बनाउने भन्ने आधारविन्दु यही हो।

अन्त्यहीन अन्तर्द्वन्द्व

कांग्रेसको क्यान्सर भन्नु नै अन्त्यहीन अन्तर्द्वन्द्व हो। पार्टीको आन्तरिक अन्तर्द्वन्द्वले आफ्नै संरचनामा धक्का दिइरहेको छ। पार्टीलाई नेतृत्वले चलाउने कि विधि र प्रणालीले चलाउने भन्ने माथापच्ची कांग्रेसमा छताछुल्ल छ। समसामयिक विषयवस्तुमा बहस र मन्थनका लागि गुट, उपगुट र समूहहरूको अभ्यास राम्रै होला, तर एउटा समूहले अर्को समूहसँग संघर्ष गरिरहनुपर्ने अभ्यासले पार्टीको लोकतान्त्रिक चरित्रलाई सकारात्मक रूपमा सम्प्रेषण गर्न सकेको छैन। निर्वाचनका वेलामा सक्षम र इमानदारलाई टिकट दिनुभन्दा आफ्नालाई अवसर दिनु, सरकारमा सहभागिता र नियुक्तिक्तीमा एकलौटी निर्णय गर्नु, पार्टीका संरचनाहरूमा सहमतिविना आफ्नालाई मात्र कार्यभार सुम्पिनुले पार्टी विधिविहीन पथतिर लम्किरहेको प्रतीत हुन्छ। यस्ता बेथितिलाई यसै नीति महाधिवेशनले उपचार गर्न सक्नुपर्छ।

गैरलोकतान्त्रिक कम्युनिस्ट पार्टीसँगको गठबन्धन र निर्वाचनमा तालमेल र सत्ताको मोहले कांग्रेसको मार्ग मोडिएको छ। राष्ट्रिय आवश्यकताका नाममा कांग्रेस कम्युनिस्टको जञ्जालमा फसिरहेको छ। आफ्नो प्रजातान्त्रिक धरातल, नीति र सिद्धान्तहरूलाई बिर्सिरहेको छ। यस्तो प्रवृत्तिले समाजमा राजनीतिक दलसम्बन्धी धारणालाई परिर्वतन गराइहेको देखिन्छ। यसै सन्दर्भमा जिल्ला र देशका विभिन्न स्थानबाट आगामी निर्वाचनमा कुनै पनि दलसँग चुनावी गठबन्धन नगर्न आमकार्यकर्ताले सुझाव दिइरहेका छन्। चुनावी तालमेलले कांग्रेसलाई फाइदा नपुग्ने धेरैको बुझाइ छ। निर्वाचनपूर्व कि निर्वाचनपछिको सत्ता सहकार्य भन्ने विषयमा पनि कांग्रेसले आफ्नो नीति कसरी स्पष्ट पार्छ भन्ने चासो छ।

कांग्रेसभित्र संस्थापन पक्ष गठबन्धनको बचाउमा र संस्थापनइतर पक्ष गठबन्धनको विपक्षमा रहेको घटनाक्रमले नै देखाउँछन्। यस्ता विमतिहरूले सत्ता सञ्चालनमा पनि प्रभाव पारिरहेको छ। बहुदलीय व्यवस्थामा पार्टीहरूको सत्ता सहकार्यको विकल्प छैन्। तर, यस्तो विषयमा कांग्रेसले कस्तो रणनीति तय गर्ला ? साथै, पार्टीले कस्तो निर्वाचन प्रणालीलाई अवलम्बन गर्ने, समानुपातिक र समावेशी व्यवस्थामा कस्ता प्रतिनिधिलाई अवसर दिने, पर्फमेन्स बेस्ड पोलिटिक्सलाई कसरी स्थापित गराउने, जनताको आवश्यकता र मागलाई कसरी सरल, सहज र सुलभ तरिकाबाट सम्पन्न गर्ने भन्ने विषयमा मिहिन छलफल हुनु आवश्यक छ।

पन्धौं महाधिवेशन निर्वाचनअघि कि पछि भन्ने विषय फेरि पनि पेचिलो बन्ने देखिन्छ। पार्टी नेतृत्वमै रहनेले आफ्नो अनुकूल टिकट बाँड्ने परिस्थिति विगतदेखिकै बेथिति हो। यसैले संस्थापनइतरले निर्वाचनपूर्व र संस्थापन पक्षले निर्वाचनपछि महाधिवेशन गर्ने कुरालाई प्राथमिकतामा राखेको बुझ्न सकिन्छ। महामन्त्रीहरूले वार्षिक क्यालेन्डर बनाएर संगठनलाई अगाडि बढाउने निर्णय गरेपछि पार्टीका केन्द्रीय समिति बैठक, जिल्ला सम्मेलन पनि नियमित भइरहेकाले संगठनका हरेक गतिविधि तालिकाबद्ध गर्न जोड दिएको देखिन्छ। यस्तो अभ्यासलाई बहुसंख्यकले साथ दिए पनि संस्थापन पक्षले कसरी निरन्तरता दिन्छ भन्ने प्रश्न बाँकी नै छ। विधानले तोकेको समयमा नै महाधिवेशन गर्नु पार्टीको अनिवार्यता हो, तर यो कसरी हुन्छ ? आशंका कायम छन्।

महामन्त्रीद्वयको महापरीक्षा

पछिल्लो समय महामन्त्रीद्वयको चिन्तन, कार्यशैली र एकताले कांग्रेसमा आशाको सञ्चार गराइरहेको छ। जिल्ला सम्मेलन, प्रदेश सम्मेलन, केन्द्रीय समितिको बैठक, संसद् र विषयगत समितिमा प्रस्तुति र सार्वजनिक कार्यक्रममा व्यक्त आशयले महामन्त्रीद्वयमा रूपान्तरणको हुटहुटी संकेत गर्छन्। कांग्रेस महाधिवेशन विधानले तोकेको समयमा नै गराउनु महामन्त्रीहरूका लागि महापरीक्षा हो। जसरी दुई महामन्त्रीको व्यक्तित्वले अवसरको उचाइ थपेको छ, त्यसरी नै पार्टीको रूपान्तरणको मार्ग महामन्त्रीद्वयमा निर्भर देखिएको छ। आमकार्यकर्ताको आशा, भरोसा पनि महामन्त्रीहरूमै छ।

समाज, सरकार र संसद्मा कांग्रेसले के गर्दै छ ? भन्ने विषय अहिले महत्त्वपूर्ण छ। महामन्त्री गगन थापाले पछिल्ला सार्वजनिक कार्यक्रममा सरकार सञ्चालनको नेतृत्व पूर्ण पाँच वर्षको सुनिश्चित गर्ने प्रस्तावलाई अगाडि सारेको देखिन्छ। यो राजनीतिक स्थायित्वका लागि निकै महत्त्वपूर्ण प्रस्ताव हुन सक्छ। त्यसका लागि पार्टीले समयमै विवेक गर्नुपर्ने देखिन्छ। अर्का महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसको विधानमा सभापतिको दुई कार्यकाल कायम गरिएजस्तै सांसद, मन्त्री, प्रधानमन्त्री र राष्ट्रपतिको पदावधि पनि तोक्ने प्रस्ताव पनि सार्वजनिक कार्यक्रममा सुनिन्छन्। त्यस्तै, टिकट वितरणमा प्राइमरी इलेक्सन, प्रोजेक्ट गभर्न्यान्स, ल्यातरल इन्ट्री र पर्फमेन्स बेस्ड पोलिटिक्सको सुरुवात गर्न महामन्त्रीद्वयलाई निकै चुनौती छ।

कांग्रेस पार्टीभित्र र बाहिरबाट आमचासोका रूपमा महामन्त्रीद्वयका राजनीतिक कदमलाई निकै महत्त्वपूर्ण रूपमा हेरिएको छ। समान मुद्दामा दुवै जनाको एकता र सहमतिले आगामी दिनमा महामन्त्रीद्वयको भिजनरी परिकल्पनाले कांग्रेस रूपान्तरण हुने आशा राख्नेहरू धेरै छन्। तर, बिपीको सिद्धान्त र मार्गनिर्देशनबाट पार्टीलाई सुदृढीकरण गरी समयानुकूल रूपान्तरण गर्न अहिले महामन्त्रीद्वय महापरीक्षाको घडीमा छन्। सांगठनिक संरचना, सुधारिएको शासकीय स्वरूप, समुन्नतिको खाका, सुशासनका सूचकहरूलाई सकारात्मक रूपमा कार्यान्वयनमा ल्याउन समुदायमा संवाद कार्यक्रमको परिकल्पना कांग्रेसको नीतिमा झल्किनु जरुरी देखिन्छ। यसर्थ, समयानुकूल र दीर्घकालीन नीतिहरूमा कांग्रेसको कोर्स करेक्सन भएन भने देश उन्नतितिर भन्दा अधोगतितिर धकेलिने निश्चित छ।

---

३ प्रश्न

नेपाल जीवन बिमक संघका अध्यक्ष **पोषक पौडेल**लाई



बिमा क्षेत्रमा सात खर्ब हाराहारीमा लगानीयोग्य पुँजी रहेछ। तर, अधिकांश लगानी बैंकका मुद्दती निक्षेपमा रहेछन्। अन्य उत्पादनशील क्षेत्रमा लगानी बढाउन किन सकेका छैनन् ?

पहिला नियामक निकाय नेपाल बिमा प्राधिकरण (साबिक बिमा समिति)ले नै बिमा कम्पनीहरूलाई लगानी गर्नका लागि धेरै क्षेत्र तोकेको थिएन। त्यसमाथि लगानी गर्न सकिने कृषि, ऊर्जा, पर्यटनजस्ता क्षेत्रहरू आफैं संस्थागत रूपमा विकसित भएका थिएनन्। ती क्षेत्रमा नियमन पनि फितलो देखिन्थ्यो। त्यो अवस्थामा हाम्रो लगानी जोखिममा पर्ने सम्भावना उच्च थियो। त्यसमाथि हामीले निश्चित अवधिपछि बिमितलाई बोनससहित पैसा फिर्ता दिनुपर्छ। बिमायोग्य नोक्सानी भएमा दाबी पनि दिनुपर्छ। असुरक्षित ठाउँमा लगानी गर्दा दाबी-भुक्तानी दिन नसक्ने अवस्था आउने हुन्छ। त्यसैले, विगतमा लगानी विस्तार गर्न सकिएन।

अहिले नियामक निकाय प्राधिकरणले घरजग्गा, पूर्वाधारलगायतका क्षेत्रमा लगानी गर्न बाटो खुला गरेको छ। अब लगानी विस्तार गर्न बिमा कम्पनीहरूले के गर्दै छन् ?

हो, अहिले नियामक निकाय नेपाल बिमा प्राधिकरणले बिमा कम्पनीहरूलाई लगानी गर्न कृषि, पर्यटन, ऊर्जा, पब्लिक कम्पनीको साधारण सेयर, संस्थापक सेयर, इन्भेस्टमेन्ट कम्पनी, भेन्चर क्यापिटललगायतको क्षेत्रमा लगानी खुला गरेको छ। बिमा कम्पनीहरूले पूर्वाधारसहितका क्षेत्रमा लगानी बढाउन लागेको अवस्था छ। पछिल्लो दुई-तीन वर्षमा पूर्वाधार, इन्भेस्टमेन्ट कम्पनी, पब्लिक कम्पनीको सेयरजस्ता क्षेत्रमा बिमा कम्पनीहरूको लगानी बढ्दै गएको छ।


त्यस्ता क्षेत्रमा लगानी बढ्यो भने बिमित र सेयरधनीलाई कस्तो फाइदा हुन्छ ?

अहिले बिमा कम्पनीहरूको आम्दानीको ठूलो स्रोत निक्षेपको ब्याजदर पनि एक हो। अब उत्पादनशील क्षेत्रमा लगानी बढाउँदा पक्कै पनि ब्याज आम्दानीभन्दा धेरै प्रतिफल प्राप्त गर्न सकिन्छ। त्यस अवस्थामा सेयरधनील पाउने लाभांश र बिमितले पाउने बोनसदर पनि बढ्छ। कम्पनी पनि बलियो हुँदै जान्छ।

प्रेरक प्रसंग

एउटा पुजारी र एक किसान

एउटा पुजारी आफ्नो कारबाट कहीं जाँदै थियो। जाँदै गर्दा उसले बाटोमा एउटा असाधारण रूपले खेतको दृश्य मनमोहक देख्यो र ऊ रोकियो। ऊ कारबाट बाहिर निस्किएर खेतको एकछेउमा उभिँदै मनमनै खेत र लहलह झुलेका बालीको खुब सराहना गर्न थाल्यो। केहीबेर उसले मन्त्रमुग्ध भएर एकोहोरो निहारी रह्यो। सो खेतको किसान पनि आफ्नो ट्र्याक्टर लिएर कतै जाँदै थियो। पुजारीलाई खेतको छेउमा उभिएर टकटकी लगाइरहेको देखेर ऊ पनि रोकियो। जहाँ पुजारी थिए, ऊ पनि सोही स्थानमा गयो। पुजारीले उसलाई देखेर भने, 'भगवान्ले तिमीलाई यस्तो सुन्दर खेत दिनुभएको छ। तिमी यसका लागि आभारी हुनुपर्छ।' किसानले उत्तर दिन्छ, 'हो भगवान्ले मलाई एउटा मनमोहक खेतका साथै भरपुर आशीर्वाद पनि दिएका छन्। म यसका लागि उनीप्रति आभारी छु। तर, तपाईंले यो खेत त्यतिखेर हेर्नुपर्ने थियो जतिखेर यो पूरै बाँझो र रुखो थियो।' पुजारी उसको जवाफ सुनेर अवाक भयो।



लहलह बाली नहुँदा यो खेत जमिनको एउटा टुक्रा मात्रै थियो। किसानको मिहिनेतले नै यो खेतलाई मनमोहक र अन्नबालीले भरपुर बनाएको हो। अनि भगवान्ले पनि तिनै व्यक्तिलाई मात्र सहयोग गर्छन्, जसले आफैंले आफूलाई मद्दत गर्छन्। भाग्यवादी मानिस केवल चिज एवं घटनाहरूको प्रतीक्षा मात्रै गर्दै बस्छन्। उनीहरू कहिल्यै पनि प्रयास गर्दैनन्। तर, पौरखीहरूले आफ्नो भाग्यको निर्माण आफैं गर्छन्। चिज एवं घटना निर्माणको भरमग्दुर प्रयास गर्छन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पूर्वविशिष्टको सुविधा घटाऊ

के पूर्वराष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुखलगायत सबै पूर्वभिभिआइपीहरूलाई राज्यले सेवा सुविधाका नाममा करोडौं दिनु आवश्यक छ ? अकुत सम्पत्ति भएका यस्ता भिभिआइपीहरूलाई कमजोर राज्यले कसरी आजीवन पालिराख्न सक्छ ? बहालवाला छँदा त सुविधा लिए लिए आफू सम्पन्न हुँदा भूतपूर्व भएपछि पनि त्यत्तिकै सुविधा लिन अप्ठ्यारो किन नलागेको होला उहाँहरूलाई ? अमेरिकाजस्तो देशका पूर्वभिभिआइपीहरू सेवानिवृत्त भएपछि आफ्नो पेसा-व्यसाय गरेर दैनिकी चलाउँछन्। साइकल चढेर हिँड्छन्। तर, हाम्रालाई भने सकेसम्म राज्यको दोहन गरौं भन्ने छ। जनताले तिरेको कर नेतालाई पाल्दै ठीक भएपछि देशको आर्थिक पाटो कसरी सुधारिने ? जनता एकछाक खान धौधौ छ, सिटामोल खान नपाएर मर्नुपर्छ। नेतालाई भने सुविधामाथि सुविधा किन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी काठमाडौं।

पर्यटनलाई केन्द्रमा राखौं

नेपालमा पछिल्लो समय विदेशी पर्यटकको संख्या बढ्दा पर्यटन क्षेत्रले केही सुखद अनुभव गर्न पाएको छ। सबै क्षेत्र निराशामा रहेको समयमा पर्यटन क्षेत्रमा देखिएको उत्साहले केही आशा जगाएको छ। यसले नेपालले पर्यटनलाई कति महत्त्व दिनुपर्छ भन्ने कुराको पनि स्पष्ट संकेत दिन्छ। सरकारले पर्यटन पूर्वाधारमा विशेष ध्यान दिनुपर्‍यो। पर्यटनलाई केन्द्रमा राखौं।

● **शिव राउत**, काठमाडौं

लगानी पूर्वाधारमा लगाऊ

बिमा क्षेत्रले गत असोज मसान्तसम्ममा सात खर्ब लगानी गरेका रहेछन्। तर, उनीहरूको यो लगानीको ७८ प्रतिशत भने बैंकको निक्षेपमा रहेछ। बिमा क्षेत्रको लगानीलाई उत्पादनमूलक क्षेत्रमा लगाउने गरी नीति ल्याउनुपर्‍यो। उनीहरूको लगानीलाई पूर्वाधार निर्माणतर्फ प्रवाहित गर्न सके त्यसबाट ठूलो लाभ लिन सकिन्छ।

● **रमन शर्मा**, कपन, काठमाडौं

चौधरी र कांग्रेसको छविमा प्रश्न

यतिखेर बाँसबारी छालाजुत्ता प्रकरण र चौधरी होल्डिङ्सका अध्यक्ष अरुण चौधरी गिरफ्तारीको विषय निकै चर्चामा छ। केहीले व्यापारी चौधरीलाई हिरासतमा लिनु अनुचित भयो भन्दै उग्र विरोध गरिरहेका छन्। प्रहरी र गृहमन्त्रीले भने राज्य लुटने छुट कसैलाई पनि दिन नसकिने भन्दै कानुनबमोजिम कारबाही अगाडि बढाएको बताएका छन्। तर, यस प्रकरणमा नेपालका प्रमुख राजनीतिक पार्टीहरू कसैले पनि अहिलेसम्म मुख खोलेका छैनन्। किनकि सबैलाई डर छ, बोल्यो कि पोल्यो। एकातिर चुनाव लड्नका लागि व्यापारीहरूसँगै चन्दा माग्नुपर्ने, अर्कोतर्फ सुशासनको नारा पनि फलाक्नुपर्ने उनीहरूको नियत बनेको छ। व्यापारी-नेता गठजोडकै कारण प्रमुख राजनीतिक पार्टीहरूले मुख नखोलेका हुन्। कांग्रेस पार्टीले आधिकारिक रूपमा यो प्रकरणबारे नबोले पनि उसको संसदीय समितिमा यसबारे विषय उठान भएको छ। स्वयं अरुण चौधरीका सभासद् दाजुले नै कुरा उठाएका छन्। उनले आफ्नो परिवार र छविलाई बदनाम गर्न सरकारले यस प्रकरणमा हात हालेको दाबी गरेका छन्। उता कांग्रेसकै सांसद सुनील शर्माले पनि यसको विरोध गर्दै माओवादीहरूले उद्यमी व्यवसायीहरूलाई तर्साएर चन्दा उठाउन यस्ता हथकन्डा गरेको गम्भीर आरोप लगाएका छन्। आममानिसहरू देशमा सुशासन छाओस्, भ्रष्टाचार र बेथिति अन्त होस् भन्ने चाहन्छन्। यही नारा लिएर राष्ट्रिय स्वतन्त्र पार्टी उदाएको छ। दलहरूले कानुनबमोजिम अनुसन्धान अघि बढोस् भन्न सक्नुपर्छ। अनि मात्र देशमा सुशासन आउँछ। गलत काम रोकिन्छ। टेरामक्स, भुटानी शरणार्थी प्रकरण, ललितानिवास, गिरीबन्धु टी स्टेट प्रकरण योभन्दा ठूला घोटाला हुन्। जुन पार्टीले यो काममा सहयोगी भूमिका खेल्छ तिनले उसै दललाई आगामी दिनमा सत्तामा पुऱ्याउन सक्छन्। सुनील शर्मा जो आफैं नक्कली सर्टिफिकेटका आरोपित हुन्। उनको आरोपको कुनै अर्थ छैन। चौधरी परिवारले अब सो १० रोपनी जग्गा आजैको मितिबाट सरकारको नाउमा गरिदिन्छौ भन्न सक्नुपर्छ।

● **गोपाल देवकोटा**, गौरीनगर, कामनपा- ७

राज्य प्रायोजित लिंगभेद : मानवताविरोधी अपराध

आधा जनसंख्या मानव अधिकारबाट वञ्चित भएको समाजमा लोकतन्त्र, स्वतन्त्रता र समानताको चर्चा अर्थहीन हुन्छ



देश/विदेश

● नर्गेस मोहम्मदी

राज्य प्रायोजित लिंगभेद (जेन्डर एपर्थाइड)लाई अपराध घोषणा गर्ने वेला भइसकेको छ। दशकौंदेखि इरानी महिलाले इस्लामिक गणतन्त्र इरानबाट लैंगिक विभेद भोग्दै आएका छन्। संरचनागत रूपमा एवं नियतवश इरानी अधिकारीले राज्यका सबै संयन्त्र र शक्ति प्रयोग गरेर महिला, बालिका र अन्यमाथि दमन गरिरहेका छन्। यी अधिकारीले विभेदकारी, अपमानजनक र अमानवीय कानुन, नीति र अभ्यास लागू गरेका छन्। यी कानुन, नीति र अभ्यास इरानले प्रतिबद्धता व्यक्त गरेका अन्तर्राष्ट्रिय कानुनका बर्खिलाप छन्। महिला र बालिकाले शिक्षादेखि रोजगारी होस् वा लुगादेखि शारीरिक स्वायत्ततासम्मका जीवनका सबै पाटामा रोक र सीमितता व्यहोरिरहेका छन्। इरानी महिला र समग्र समाजले व्यहोरिरहेको पीडा उपेक्षित हुनुहुँदैन। न्याय र समानताका लागि जोडतोडको प्रयास आवश्यक छ।

यसैकारण मैले राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई राज्य प्रायोजित लिंगभेद (जेन्डर एपर्थाइड)लाई मानवताविरुद्धको अपराध घोषणा गर्न आग्रह गर्दै पत्र लेखेकी छु। सो पत्रमा महिलालाई अधिनस्थ पार्ने र अलगावमा राख्ने इरान सरकारका १९ महिलाविरोधी कानुनको सूची उल्लेख गरेकी छु। यी सूचीमा हिजाब एवं शालीनता विधेयक पर्छ, जुन अहिले इस्लामिक परामर्श सभामा विचाराधीन छ। यो विधेयकको काम भनेकै महिलाको अधिकार कुण्ठित गर्नु, महिलालाई अपमान गर्नु, उनीहरूविरुद्धको उत्पीडन एवं सजायलाई थप चर्को बनाउनु हो। मेरो पत्रको सूचीमा रहेका केही महिलाविरोधी कानुन, प्रस्तावित विधेयक र प्रणाली यसप्रकार छन् :

१) इरानका महिलालाई राहदानी हासिल गर्न र विदेश घुम्न कानुनी अभिभावक अर्थात् पिता र पतिको कानुनी अनुमति आवश्यक पर्छ।
२) हिजाब कानुनको पालना नगर्दा महिलाले ७२ कोर्रा प्रहारसम्मको सजाय पाउन सक्छन्।
३) पिता वा पितातर्फका हजुरबुबाले विवाहको अनुमति दिन्छन् भने वैधानिक उमेरअगावै विवाह गर्दा कुनै अड्चन आउनेछैन।
४) (उसो त अहिले लागू छैन) विवाहित महिलाले परपुरुषसँग यौन-सम्बन्ध राखेको पाइएमा सार्वजनिक रूपमा ढुंगा हानेर यातना दिइनेछ।
५) बालिकाका लागि धार्मिक दायित्वको पालना गर्ने कानुनी उमेर नौ वर्षको हो, तर विद्यालयमा ६ वर्षकै उमेरदेखि अनिवार्य हिजाब पहिरिन बाध्य पारिन्छ।
६) इरानको संसद्ले परम्परागत लैंगिक भूमिकालाई सुदृढ गर्ने उद्देश्यले बालक र बालिकाका लागि फरक पाठ्यपुस्तक बनाउने विधेयकमा विचार गरिरहेको छ।
७) इरानमा महिलालाई खेलकुद मैदानमा चार दशकयता प्रतिबन्ध लगाइएको छ। (अपवादका रूपमा करिब दुई वर्षअगाडि स्थानीय क्लब फुटबल खेलमा महिलालाई अलग्गै खेल हेर्न दिन छुट दिइएको थियो)।

राज्य प्रायोजित लिंगभेदका कारण महसा अमिनीको नृशंस हत्यापछिका प्रदर्शनमा इरानी माहिलामाथि भएको हिंसात्मक दमनको सारा विश्व साक्षी छ। यो अवस्थामा महिला मात्र नभई सम्पूर्ण इरानी समाजले इरानको संस्थागत र व्यापक भेदभावको विनाशकारी र अपूरणीय नतिजा भोगिरहेको छ। आधा जनसंख्या मानव अधिकारबाट वञ्चित भएको समाजमा लोकतन्त्र, स्वतन्त्रता र समानताको चर्चा अर्थहीन हुन्छ। धर्मलाई निरंकुशता र शक्तिको आवरणको रूपमा प्रयोग गर्दै महिलामाथिको नियन्त्रणलाई समाजमा अत्याचार र उत्पीडन विस्तार गर्ने संयन्त्रको रूपमा प्रयोग भइरहेको छ।

आज अफगानिस्तान र इरानमा महिलाविरुद्ध अकल्पनीय अपराध भइरहेका छन्, जसको संसार साक्षी पनि बनिरहेको छ र यति हुँदा पनि यी दुई मुलुकमा दण्डहीनता



तस्बिर : एलिसन बेली/रोयटर्स

देख्न सकिन्छ। व्यवस्थित उत्पीडन र एक लिंग समूहद्वारा अर्को लिंगमाथि प्रभुत्व कायम गर्ने संस्थागत शासनको सन्दर्भमा हुने अमानवीय कार्यलाई राज्य प्रायोजित लिंगभेद (जेन्डर एपर्थाइड)भनिन्छ।

दक्षिण अफ्रिकामा राज्य प्रायोजित जातीय विभेद (एपर्थाइड)मा राज्य प्रायोजित लिंगभेदमा झैं राज्य प्रायोजित लिंगभेदले अन्तरपुस्ताको राजनीतिक, सामाजिक र आर्थिक दुष्परिणाम मात्र नभई शारीरिक र मानसिक क्षति पनि निम्तिन्छ। त्यसैले राज्य प्रायोजित लिंगभेदलाई मानवताविरुद्धको अपराधको रूपमा मान्यता दिनु आवश्यक छ। जसरी अन्तर्राष्ट्रिय समुदाय दक्षिण अफ्रिकामा राज्य प्रायोजित जातीय विभेदको निन्दा र अपराधीकरण गर्न एकसाथ आए त्यसरी नै राज्य प्रायोजित लिंगभेदमा अगाडि आउन आवश्यक छ।

हालैका महिनामा राज्य प्रायोजित लिंगभेदलाई मान्यता दिने र संहिताबद्ध गर्ने दिशामा राष्ट्रसंघमा सकारात्मक गति देखिएको छ। ग्रासरुट एन्ड जेन्डर एपर्थाइड अभियानको सुरुवात र अपराध पहिचान गर्न 'स्वतन्त्र राष्ट्र विज्ञ'बाट आह्वानपछि 'राष्ट्रसंघ महिला'का कार्यकारी निर्देशकले अन्तर्राष्ट्रिय कानुनअन्तर्गत राज्य प्रायोजित लिंगभेदलाई संहिताबद्ध गर्न बहुपक्षीय प्रक्रियाको प्रस्ताव गरेका छन्।

अक्टोबर, २०२३ मा म सयजनाभन्दा बढी कार्यकर्ता, न्यायविद् र सार्वजनिक व्यक्तित्वसँग जोडिएकी थिएँ। यो समूहमा नोबेल पुरस्कार विजेता सिरिन इबादी, मलाला युसुफजाई र नादिया मुराद पनि थिए। हामीले सामूहिक रूपमा राज्य प्रायोजित लिंगभेदलाई मानवताविरुद्धको अपराधको रूपमा संहिताबद्ध गर्न आह्वान गरेका थियौं। यो निवेदन मानवताविरुद्धको अपराधसम्बन्धी सम्भावित अभिसन्धिको सन्दर्भमा गरिएको हो, जुन राष्ट्रसंघ महासभा कानुनी समितिमा छलफल भइरहेको थियो। यो महिनाको सुरुवातमा धेरै राज्

माल्दिभ्सका राष्ट्रपतिको भारतविरोधी बयान

भारतले मार्चको मध्यसम्ममा देशमा तैनाथ आफ्ना सेना फिर्ता गर्नुपर्ने माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जुको माग भारतविरोधी बयान सबैभन्दा नयाँ हो। ८८ जना सेनाको संख्या खतराका दृष्टिले एकदमै सानो हो। माल्दिभ्सका सेनालाई लडाइँ र जासुसीमा तालिम दिने द्विपक्षीय सम्बन्धको एक भागको रूपमा सन् २०१० देखि माल्दिभ्समा भारतीय सेना तैनाथ गरिएको छ। सेनाले दुर्गम टापुका बासिन्दाका लागि मानवीय सहायता र चिकित्सा निकासीमा मद्दत प्रदान गर्छन्।

> द्विपक्षीय सम्बन्धको एक भागको रूपमा सन् २०१० देखि माल्दिभ्समा सानो संख्यामा भारतीय सेना तैनाथ छ

राष्ट्रपति मुइज्जुलाई व्यापक रूपमा चीन समर्थक नेताको रूपमा हेरिन्छ जब कि उनका पूर्ववर्तीहरूले भारत समर्थक नीति अपनाएका थिए। उनको अभियानको मुख्य नारा 'भारत आउट' थियो। पिपुल्स नेसनल कांग्रेस र प्रोग्रेसिभ पार्टी अफ माल्दिभ्सको गठबन्धन सरकारले भारतको प्रभावलाई हटाउन चीन समर्थक नीति अपनाइरहेको छ। सेप्टेम्बरको अन्त्यमा माल्दिभ्समा भएको राष्ट्रपति चुनावअघि राष्ट्रपति मुइज्जुको पिपुल्स नेसनल कांग्रेसका समर्थकले इब्राहिम मोहम्मद सोलिहको नेतृत्वमा रहेको माल्दिभियन डेमोक्रेटिक पार्टी भारतबाट प्रभावित भएको विषयलाई जोड दिएका थिए।

सेना हटाउने औपचारिक माग करिब दुई महिनाअघि पहिलोपटक गरिएको थियो। अर्थात्, मुइज्जु सरकारले सेप्टेम्बरमा भारतविरोधी एजेन्डा लिएर सत्तामा पुगेको केही समयपछि आएको हो। भारतले माल्दिभ्सलाई उद्धार कार्यका लागि उपहारस्वरूप दिएको दुईवटा सैन्य ध्रुव एडभान्स्ड लाइट हेलिकोप्टरलाई सैन्य उपस्थितिको डिजाइनको रूपमा चित्रण गरिएको छ। युटिएफ बन्दरगाह परियोजना सम्झौता (जसअन्तर्गत भारतले माल्दिभ्सको राजधानी मालेनजिकै उथुरु थिलाफाल्हुमा बन्दरगाह र डकयार्डको विकास र मर्मत गर्ने रहेको थियो) एक गहन अनुमानको विषय भएको छ। स्थानीय मिडियाको एक अंशले यो परियोजनाले अन्ततः त्यहाँ भारतीय नौसैनिक आधार निर्माण गर्ने दाबी गरेको छ। लक्षद्वीप टापुको भ्रमणका बारेमा प्रधानमन्त्री नरेन्द्र मोदीको व्यापक रूपमा प्रसारित पोस्टपछि मालदिभ्सका मन्त्रीहरूले अपमानजनक टिप्पणी गरेपछि भारतसँग कूटनीतिक विवाद सुरु भयो। तर, कडा टिप्पणी गर्ने तीन मन्त्रीलाई हटाइयो।

भारतीय सेना हटाउनुपर्ने राष्ट्रपति मुइज्जुको माग पनि उनको चीन भ्रमणको केही दिनपछि भएको थियो। भ्रमणका क्रममा दुई राष्ट्रले आफ्नो सम्बन्धलाई व्यापक रणनीतिक सहकारी साझेदारीमा स्तरोन्नति गरेका थिए।

हिन्द महासागरमा आफ्नो रणनीतिक स्थितिका कारण चीनले माल्दिभ्समा आफ्नो प्रभाव विस्तार गर्न चासो देखाएको छ। यी टापु सबैभन्दा व्यस्त सामुद्रिक व्यापार राजमार्गमा अवस्थित छन्, जहाँबाट चीनको तेल आयातको झन्डै ८० प्रतिशत प्रवाह हुन्छ। माल्दिभ्स र चीनले राष्ट्रपति मुइज्जुको भ्रमणका क्रममा २० महत्त्वपूर्ण सम्झौतामा हस्ताक्षर गरेका छन्। चीनले मालेलाई १३ करोड डलर सहयोग गरेको छ जुन विकास आयोजनामा खर्च हुनेछ। - *एनडिटिभीबाट*

प्रभु बैंक लिमिटेड शाखा कार्यालय लिंकरोड विरगंज, पर्साका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकासित मिति २०८०/१०/२२ गते सोमवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि) का तपसिल बमोजिमका ऋणीले बिभिन्न शिर्षक अन्तर्गतको ऋण कर्जा लिए बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावां, व्याज, थपव्याज, अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तान गर्न पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत बैंकको ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लेखित ऋणीको नाममा रहेको बक्यौता रकम यथाशिध्र चुक्ता भुक्तान गर्नुहुन यो सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, लिंकरोड, विरगंज,पर्सामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/१२/०५ गते सोमवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय, लिंकरोड, विरगंज,पर्सामा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी, जमानतकर्ता तथा धितोको विवरण :

१.	**ऋणी** : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय,वीरगंज,पर्सामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/०३/१४ मा दर्ता प्रा.फ.र.नं.३९९६६/०७६/७७ स्थायी व्यापार कायम भई प्राइभेट फर्म दर्ता प्रमाण पत्र प्राप्त **अल्फावेट मनि ट्रान्सफर । ठेगाना** पर्सा जिल्ला, सखुवा प्रसौनी गाउँपालिका वडा नं.०४।
	प्रोप्राइटर तथा जमानतकर्ता: म. मर्तुजा अंसारी (ना.प्र.नं. ३४-०१-७४-१००३६ जारी मिति २०७४/०७/२७ जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) ठेगाना: पर्सा जिल्ला सखुवा प्रसौनी गा.पा वडा नं.४ बुबाको नाम : जाकिर हुसेन अंसारी। बाजे : गयासुदिन अंसारी।
	जमानतकर्ता: गयासुदिन अंसारी (ना.प्र.नं. २४७६०८०५ जारी मिति २०३५/०२/२४ जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) ठेगाना: पर्सा जिल्ला देवरवाना गा.वि.स वडा नं.०८ स्थाई ठेगाना भई हाल पर्सा जिल्ला सखुवा प्रसौनी गा.पा वडा नं.४ बुबाको नाम : बन्सी मिया अंसारी। बाजे : सहती मिया
	लिलाम विक्री हुने सुरक्षण धितोको बिवरण: **क.** ग्यासुदिन अंसारी को नाममा मालपोत कार्यालय विरगंज, पर्सामा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला, कौवावनकटैया गा.वि.स /न.पा. वडा नं. ४, स्थित कित्ता नं. ११ को क्षेत्रफल ०-५-२-०(बिघा) घरज/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत। **ख.** ऋणी **अल्फावेट मनि ट्रान्सफरको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण।
२.	**ऋणी:** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय,वीरगंज,पर्सामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/०९/१० गते प्रा.फ.र.नं.४०८६३/०७७/७८ अन्तर्गत दर्ता कायम भइ फर्म दर्ता प्रमाण पत्र प्राप्त **निभा एण्ड सुमित स्टोर्स । ठेगाना :** पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं.१५ रजिष्टर्ड ठेगाना रहेको।
	जमानतकर्ता: गान्धी देवी (ना.प्र.नं. ३२-०१-७४-१०७५७ जारी मिति २०७४/१२/०८ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट) ठेगाना: रौतहट जिल्ला बौधीमाइ न.पा वडा नं.८ स्थाई ठेगाना भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं.१२ बुबाको नाम : बचवा राय यादव। ससुराको नाम : विधानन्द राय यादव पतिको नाम : बालसुदि राय यादव
	जमानतकर्ता: बालसुदि राय यादव (ना.प्र.नं. ३२-२४७५ जारी मिति २०६३/०६/१२ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट) ठेगाना: रौतहट जिल्ला सरमुजवा गा.वि.स वडा नं.०४ स्थाई ठेगाना भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं.१२ बुबाको नाम : बिधानन्द राय यादव बाजे : भोला राय यादव
३.	**ऋणी** : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय,वीरगंज,पर्सामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/११/२६ मा दर्ता भै प्रा.फ.र.नं.४१४२२/०७७/७८ कायम भई दर्ता प्रमाण पत्र प्राप्त **सुशिल एण्ड निभा कोल्ड ड्रिंक्स । ठेगाना :** पर्सा जिल्ला, बिरगंज म.न.पा वडा नं.१५ ब्रम्हचोक दोस्रो बाइपास।
	जमानतकर्ता: गान्धी देवी (ना.प्र.नं. ३२-०१-७४-१०७५७ जारी मिति २०७४/१२/०८ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट) ठेगाना: रौतहट जिल्ला बौधीमाइ न.पा वडा नं.८ स्थाई ठेगाना भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं.१२ बुबाको नाम : बचवा राय यादव। ससुराको नाम : विधानन्द राय यादव पतिको नाम : बालसुदि राय यादव
	जमानतकर्ता: बालसुदि राय यादव (ना.प्र.नं. ३२-२४७५ जारी मिति २०६३/०६/१२ जारी गर्ने कार्यालय जि.प्र.का रौतहट) ठेगाना: रौतहट जिल्ला सरमुजवा गा.वि.स वडा नं.०४ स्थाई ठेगाना भई हाल पर्सा जिल्ला बिरगंज म.न.पा. वडा नं.१२ बुबाको नाम : बिधानन्द राय यादव बाजे : भोला राय यादव
	लिलाम विक्री हुने सुरक्षण धितोको बिवरण: **क.** गान्धी देवी को नाममा मालपोत कार्यालय विरगंज, पर्सामा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला, विरगंज उ.म.न.पा. वडा नं. १५, स्थित कित्ता नं. १५८ को क्षेत्रफल ९३.१७ व.मि घरजग्गा/जग्गा लगायत सम्पुर्ण लिगलगापात समेत। **ख.** ऋणी **निभा एण्ड सुमित स्टोर्स. र सुशिल एण्ड निभा कोल्ड ड्रिंक्स. को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण।
४.	**ऋणीको नाम: जाकिर हुसेन अंसारी** (ना.प्र.नं. २४७६२१९३ जारी मिति २०६२।०५।२० जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) ठेगाना: पर्सा जिल्ला देवरवाना गा.वि.स वडा नं.०८ बुबाको नाम : ग्यासुदिन अंसारी। बाजे : बन्सी मिया अंसारी
	जमानतकर्ता: सदाम हुसेन अंसारी (ना.प्र.नं. ३४-०१-७३-०९१९३जारी मिति २०७३।०९।०१ जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) ठेगाना: पर्सा जिल्ला देउरवाना गा.वि.स. वडा नं.८ बुबाको नाम : जाकिर हुसेन अंसारी। बाजे : गयासुदिन अंसारी
	जमानतकर्ता: गयासुदिन अंसारी (ना.प्र.नं. २४७६०८०५ जारी मिति २०३५/०२/२४ जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) ठेगाना: पर्सा जिल्ला देवरवाना गा.वि.स वडा नं.०८ स्थाई ठेगाना भई हाल पर्सा जिल्ला सखुवा प्रसौनी गा.पा वडा नं.४ बुबाको नाम : बन्सी मिया अंसारी। बाजे : सहती मिया।
	जमानतकर्ता: म. मर्तुजा अंसारी (ना.प्र.नं. ३४-०१-७४-१००३६ जारी मिति २०७४/०७/२७ जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) ठेगाना: पर्सा जिल्ला सखुवा प्रसौनी गा.पा वडा नं.४ बुबाको नाम : जाकिर हुसेन अंसारी। बाजे : गयासुदिन अंसारी।
	जमानतकर्ता: अम्बेया खातुन (ना.प्र.नं. ४५८०१३६०जारी मिति २०४९।१२।३ जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) ठेगाना: पर्सा जिल्ला कौवावन कटैया गा.वि.स. वडा नं.१ बुबाको नाम : बद्रुदिन अंसारी। पति : जाकिर हुसेन अंसारी
	जमानतकर्ता: जोवायारा (ना.प्र.नं. २४७६०८०६ जारी मिति २०३५ साल जेठ, जारी गर्ने कार्यालय जि.प्र.का पर्सा) ठेगाना: पर्सा जिल्ला देउरवाना गा.वि.स. वडा नं.८ बुबाको नाम : नाथु मिया। पति : ग्यासुदिन अंसारी
	लिलाम विक्री हुने धितो सुरक्षणको बिवरण **क.** ग्यासुदिन अंसारी को नाममा मालपोत कार्यालय विरगंज, पर्सा मा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला, प्रसौनी विर्ता गा.वि.स /न.पा. वडा नं. ८, स्थित कित्ता नं. ७९५ को क्षेत्रफल ०-०-१०(बिघा) घरजग्गा/जग्गा लगायत सम्पुर्ण लिगलगापात समेत।

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय लिंकरोड, बिरगंज पर्साबाट** प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय लिंकरोड, बिरगंज पर्सामा** सम्पर्क राख्न सकिनेछ।

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	नेपाल सरकार, उद्योग मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.र.नं १८४७/१९/०६९/७० स्थानीय व्यापार अर्न्तगत मिति २०६९/०७/२२ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स वडा नं ३ (हाल बर्दिबास न.पा. वडा नं. ८) स्थित **रतिस जेनरल सप्लायर्स** **प्रोप्राईटर तथा जमानतकर्ता: रामबाबु महासेठ**

जमानीकर्ताहरुको विवरण

१) रामबाबु महासेठ ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा वडा नं ८ बाबु : सोभित महासेठ बाजे : खट्टर महासेठ	**२) निर्मला देवी साह** स्थायी ठेगाना : महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स वडा नं ३ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा वडा नं ८ बाबु : हरीनारायण साह सुडी ससुरा: सोभित महासेठ पती : राम बाबु महासेठ	**३) घनेश्वरी देवी महासेठ** स्थायी ठेगाना : महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स वडा नं ३ हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा वडा नं ८ बाबु : सुकदेव साह सुडी ससुरा : खट्टर महासेठ पती : सोभित महासेठ

धितोको विवरण

१) हरीनारायण साह सुडीको छोरी, सोभित महासेठकी बुहारी, राम बाबु महासेठकी पत्नी, महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स वडा नं ०३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा वडा नं ०८ बस्ने निर्मला देवी साहको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं २ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. १३७ को क्षेत्रफल ०-१-२.५-० (बिगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) सुकदेव साह सुडीको छोरी, खट्टर महासेठकी बुहारी, सोभित महासेठकी पत्नी, महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स वडा नं ०३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, बर्दिबास न.पा वडा नं ०८ बस्ने घनेश्वरी देवी महासेठको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, १५ नं बहादुरगंज गा.वि.स वडा नं ३ ग (हाल बर्दिवास न.पा वडा.नं ८) स्थित कित्ता नं. ७६ को क्षेत्रफल ०-१-०-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) रतिस जेनरल सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

२)	**संकलन आचार्य** स्थायी ठेगाना: बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ६ हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बाबु: धर्म प्रसाद आचार्य शर्मा बाजे: काशिलाल आचार्य

धितोको विवरण

१) सन्त बहादुर राउतकी छोरी, काशिलाल आचार्यकी बुहारी, धर्म प्रसाद आचार्यकी पत्नी, बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बस्ने ललि मायाको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, रंगपुर गा.वि.स. वडा नं. ५ ग (हाल गुजरा न.पा. वडा नं. २) स्थित कित्ता नं. ३६७ को क्षेत्रफल ०-२-० (बिगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) दशरथ आचार्यको नाती, काशिलाल आचार्यको छोरा, बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बस्ने रुद्र प्रसाद आचार्यको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ६ ख (हाल निजगढ न.पा. वडा नं. ६) स्थित कित्ता नं. २२२७ को क्षेत्रफल ०-२-४ (बिगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) दशरथ आचार्यको नाती, काशिलाल आचार्यको छोरा, बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बस्ने धर्म प्रसाद आचार्य शर्माको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगातमा दर्ता कायम रहेको बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ६ (हाल निजगढ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १६४९ को क्षेत्रफल ०-२-१० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) जानुका खड्का स्थायी ठेगाना: मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ५ हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बाबु : मदन बहादुर खड्का क्षेत्री ससुरा: धर्म प्रसाद आचार्य शर्मा पति : संकलन आचार्य	**२) रुद्र प्रसाद आचार्य** स्थायी ठेगाना: बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५ हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बाबु : काशिलाल आचार्य बाजे : दशरथ आचार्य	**३) दान कुमारी थापा** स्थायी ठेगाना: सर्लाही जिल्ला, कालिन्जोर गा.वि.स. वडा नं. १ हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बाबु: छत्र बहादुर थापा ससुरा: धर्म प्रसाद आचार्य शर्मा पति: मिलन आचार्य
४) धर्म प्रसाद आचार्य शर्मा स्थायी ठेगाना: बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५ हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बाबु: काशिलाल आचार्य बाजे: दशरथ आचार्य	**५) ललि माया** स्थायी ठेगाना: बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५ हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बाबु: सन्त बहादुर राउत ससुरा: काशिलाल आचार्य पति: धर्म प्रसाद आचार्य	**६) मिलन आचार्य** स्थायी ठेगाना: बारा जिल्ला, निजगढ गा.वि.स. वडा नं. ५ हालको ठेगाना: बारा जिल्ला, निजगढ न.पा. वडा नं. ५ बाबु: धर्म प्रसाद आचार्य बाजे: काशिलाल आचार्य

ऋणीको विवरण	धितोको विवरण
३) प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्रा.फ.र.नं. : २३३/२०६३/०६४, स्थानीय व्यापार अन्तर्गत मिति २०६३/०८/११ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको सिरहा जिल्ला, पडरिया गा.वि.स. वडा नं. ९ (हाल लहान न.पा. वडा नं. १२) स्थित **सन्तोष खाद्यान्न खरिद बिक्री केन्द्र** प्रोप्राईटर तथा जमानीकर्ता: रामरतन साह स्थायी ठेगाना : सिरहा जिल्ला, सितापुर गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ बाबु : जिलेवी साह बाजे : जोनाइ साह	१) जोनाइ साहको नाती, जिलेवी साहको छोरा, सिरहा जिल्ला, सितापुर प्र.घ. गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ बस्ने रामरतन साहको नाममा मालपोत कार्यालय लहानको लगातमा दर्ता कायम रहेको सिरहा जिल्ला, पडरीया गा.वि.स. वडा नं. ९क (हाल लहान न.पा. वडा नं. १२) स्थित कित्ता नं. २०५० को क्षेत्रफल ०-१-० (बिगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत २) सन्तोष खाद्यान्न खरिद बिक्री केन्दको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) संजिव कुमार साह स्थायी ठेगाना : सिरहा जिल्ला, सितापुर प्र.घ. गा.वि.स. वडा नं. ७ हालको ठेगाना : सिरहा जिल्ला, लह

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २२ माघ ०८०

किवी किसानलाई सहुलियत कर्जा पाउन कठिन

राष्ट्र बैंकको अध्ययनअनुसार कोशीमा १२.५ प्रतिशत किसानले मात्रै सहुलियतपूर्ण कर्जाको उपयोग गरेका छन्

भोजराज भण्डारी/नयाँ पत्रिका

कोशी प्रदेशका किसानले किवी खेतीका लागि सहुलियतपूर्ण कर्जा पाउन निकै कठिन रहेको एक अध्ययनले देखाएको छ। नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा व्यावसायिक किवी खेतीको अवस्था, सम्भावना र चुनौतीका सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनले यस्तो देखाएको हो।

किवी व्यवसायका लागि किसानले बैंक तथा वित्तीय संस्थामा कर्जा माग गरे पनि लामो कागजी प्रक्रिया, विद्यमान धितो मूल्यांकन प्रणालीमा अधारित कर्जा प्रवाह, कर्जाको भुक्तानी अवधि र व्यवसायीको आम्दानी प्रारम्भ हुने अवधिबीचको भिन्नतालगायत कारणले कर्जा प्राप्त गर्न कठिनाइ भएको अध्ययनको निष्कर्ष छ।

सर्वेक्षणमा सहभागी १२ दशमलव ५ प्रतिशत किसानले मात्र कृषिसम्बन्धी सहुलियतपूर्ण कर्जाको उपयोग गरेको देखिएको छ। अध्ययनअनुसार ६१ दशमलव १ प्रतिशत किसानले कुनै पनि कर्जा नलिएको पाइएको छ। २५ प्रतिशत किसानले बैंक तथा वित्तीय संस्थालगायत अन्य संस्थाबाट कर्जा लिएको देखिन्छ। अध्ययनले अनौपचारिक क्षेत्रबाट कर्जा लिनेको संख्या १३ दशमलव २ प्रतिशत भेटिएको छ।

अध्ययनका क्रममा कोशी प्रदेशका इलाम, पाँचथर, धनकुटा र सोलुखुम्बु जिल्लाका कुल एक सय ४४ नमुना कृषकको किवी फार्मको स्थलगत अध्ययन गरिएको थियो।

अध्ययन प्रतिवेदनले वास्तविक किसानले सरकारी निकायबाट अनुदान नपाएको उल्लेख गरेको छ। अनुदानको प्रभावकारी अनुगमन हुन नसक्दा सरकारी अनुदान लिएर खेती गरेका र अनुदान नपाएका किसानबीच उत्पादकत्वको भिन्नता नरहेको देखिएको छ। राष्ट्र बैंकले किसानले अनुदान पाए-नपाएको विषयमा स्थानीय तह, सरकारी निकायहरूले अनुगमन गर्नुपर्ने सुझाव दिएको छ।

■ किवीमा किसानको आकर्षण बढ्दो

अध्ययनले कोशी प्रदेशमा किसानहरू किवी खेतीप्रति आकर्षित भएको देखाएको छ। ०७९ मा एक सय ४४ जना नमुना किसानको कुल उत्पादन ५६४ दशमलव एक मेट्रिकटन रहेको छ। यो अघिल्लो ०७८ को कुल उत्पादनभन्दा ४८ दशमलव २ प्रतिशत बढी हो। त्यस्तै, जिल्लागत रूपमा धनकुटामा उत्पादन लागत सबैभन्दा बढी रहेको अध्ययनले देखाएको छ। धनकुटामा उत्पादन लागत प्रतिकिलो ८८ दशमलव सात रुपैयाँ रहेको छ भने सोलुखुम्बुमा औसत उत्पादन लागत सबैभन्दा कम प्रतिकेजी २८ दशमलव दुई रुपैयाँ रहेको छ। सोलुखुम्बुमा ऋण उपभोग गर्ने किसानको संख्या न्यून रहेको छ र ब्याज खर्च अन्य जिल्लाको भन्दा कम रहेको हुँदा उत्पादन लागत कम देखिएको अध्ययनको निष्कर्ष छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

त्यस्तै, सोलुखुम्बुमा किसानले प्रतिकेजी तीन सय रुपैयाँसम्ममा किवी बिक्री गरेका छन् भने इलाममा सबैभन्दा कम ३५ रुपैयाँमा पनि बिक्री भएको पाइएको छ। त्यस्तै, किसानले व्यवसाय गरेको लगानी फिर्ता पाउन औसत एक दशमलव नौ वर्ष लाग्ने देखिएको छ। सोलुखुम्बुका किसानले सबैभन्दा छिटो औसत १ दशमलव तीन वर्ष र धनकुटामा सबैभन्दा ढिलो औसत पाँच दशमलव पाँच वर्षमा व्यवसायको लगानी फिर्ता पाउने गरेको अध्ययनले देखाएको छ।

■ नयाँ पुस्ताको आकर्षण बढी

अध्ययन प्रतिवेदनले पछिल्लो पुस्ताका किसानले किवी खेती बढी गरिरहेको भेटिएको छ। प्रतिवेदनअनुसार पाँचदेखि १० वर्ष अवधिदेखि किवी खेतीमा संलग्न किसानको संख्या सबैभन्दा धेरै ५९ दशमलव ३ प्रतिशत रहेको पाइएको छ। त्यस्तै, १० देखि १५ वर्षको अवधिदेखि संलग्न किसान सबैभन्दा कम १९ दशमलव ५ प्रतिशत रहेको छ।

४२ दशमलव ४ प्रतिशत किसानले पाँच रोपनीभन्दा कम क्षेत्रफलमा किवी खेती गरिरहेका छन्। १५ रोपनीभन्दा कम क्षेत्रफलमा किवी खेती गर्ने किसान २३ दशमलव ६ प्रतिशत रहेको अध्ययनले देखिएको छ। किवी खेती गर्ने ८८ दशमलव २ प्रतिशत किसान सन्तुष्ट रहेका छन्। अन्य बालीको तुलनामा कम झन्झटिलो, बहुवर्षीय बाली र उच्च उत्पादकत्व भएका कारण किसानको आकर्षण बढी देखिएको अध्ययन प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले किवी खेतीमा ५२ दशमलव ३ प्रतिशत पुरुष र ४७ दशमलव ७ प्रतिशत महिलाले रोजगारी पाएका छन्। सोलुखुम्बु, धनकुटा र पाँचथर जिल्लामा महिला श्रमिकको सहभागिता बढी देखिएको छ।

■ यस्तो छ सुझाव

अध्ययनले किवी खेती विस्तार गर्न पुँजी परियोजना धितो राखी सरल र सहज रूपमा कर्जा उपलब्ध गराउनुपर्ने सुझाव दिएको छ। साथै, किसानलाई प्रक्रियामा सरलीकरण र बिमा कम्पनीसँगको समन्वयमा बाली बिमा सेवामा एकद्वारा प्रणाली लागू गर्नुपर्ने सुझाव दिइएको छ। ऋणको माग अनलाइनबाट समेत गर्न सकिने व्यवस्था मिलाउने र निवेदन प्राप्त भएको बढीमा १५ दिनभित्र ऋण उपलब्ध गराउन सक्ने-नसक्ने सूचना दिनुपर्नेसमेत सुझाव दिइएको छ। स्थानीय तहहरूलाई यातायातलगायत पूर्वाधार निर्माण गरी बजार विस्तारमा जोड दिई न्यूनतम समर्थन मूल्य तोकिदिने, भण्डारण र प्राविधिक जनशक्तिको उत्पादन गर्नुपर्ने सुझाव प्रतिवेदनले दिएको छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/२२

यस बैंक (साविक सन्राइज बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/भरतपुर शाखामा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८०/११/०८ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको शाखा कार्यालय, भरतपुरमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

१. ऋणी तथा धितो जमानीकर्ताको नाम : चन्द्र प्रसाद ढुङ्गेलको नातिनी, दुर्गा प्रसाद ढुङ्गेलको छोरी, दोलखा जिल्ला काब्रे गा.वि.स. वडा नं. १ भई हाल नवलपरासी जिल्ला, गैंडाकोट न.पा./गा.पा. वडा नं. २ बस्ने **लक्ष्मी ढुंगेल** (ना.प्र.नं.२२-०१-७२-०००४१, जि.प्र.का. दोलखा, जारी मिति २०७२/०१/०३)।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. डिल्लीनाथ ढुङ्गेलको नाती, चन्द प्रसाद ढुङ्गेलको छोरा, दोलखा जिल्ला नाभु गा.वि.स. वडा नं. ८ भई हाल दोलखा जिल्ला, काब्रे गा.वि.स. वडा नं. १ बस्ने **दुर्गा प्रसाद ढुङ्गेल** (ना.प्र.नं. ११६७, जि.प्र.का. दोलखा, जारी मिति २०४४/१०/२१)।

ख. चन्द्र प्रसाद ढुङ्गेलको नाति, दुर्गा प्रसाद ढुङ्गेलको छोरा, दोलखा जिल्ला काब्रे गा.वि.स. वडा नं. १ भई हाल नवलपरासी जिल्ला, गैंडाकोट न.पा./गा.पा. वडा नं. २ बस्ने **राजकुमार ढुङ्गेल** (ना.प्र.नं.२२१०४१-३७५, जि.प्र.का. दोलखा, जारी मिति २०६८/०९/१७)।

ग. चन्द्र प्रसाद ढुङ्गेलको नातिनी, दुर्गा प्रसाद ढुङ्गेलको छोरी, दोलखा जिल्ला, बैतेश्वर गा.वि.स. वडा नं. ५ भई हाल नवलपरासी जिल्ला, गैंडाकोट न.पा./गा.पा. वडा नं. २ बस्ने **कविता ढुंगेल** (ना.प्र.नं. २२-०१-७३-०५०२९, जि.प्र.का. दोलखा, जारी मिति २०७३/१२/१६)।

घ. मुठारे विश्वकर्माको नाति, बुद्धिराम विश्वकर्माको छोरा, चितवन जिल्ला अयोध्यापुरी गा.वि.स. वडा नं. ६ भई हाल नवलपरासी जिल्ला, गैंडाकोट न.पा./गा.पा. वडा नं. २ बस्ने **होम बहादुर लाम्गादे** (ना.प्र.नं. ३५/११५०, जि.प्र.का. चितवन, जारी मिति २०४४/१२/२३)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. ऋणी लक्ष्मी ढुङ्गेलको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, गैंडाकोट गा.वि.स/न.पा. वडा नं. २ क स्थित कित्ता नं. ६३१ को क्षेत्रफल १५५.०१ व.मी. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणी लक्ष्मी ढुङ्गेलको नाममा मालपोत कार्यालय भरतपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, देवौली गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कित्ता नं. ११४० को क्षेत्रफल ३८२.९३ व. मी. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग/कार्यालयमा दर्ता नं. ९०/०७४/०७५ अन्तर्गत मिति २०७४/०८/२८ मा रजिष्टर्ड दर्ता भएको आन्तरिक राजश्व कार्यालय भरतपुर पान नं. ६०७२८६१७१ भएको चितवन जिल्ला, भरतपुर न.पा./गा.वि.स. वडा नं. १२ स्थित **बालाजि निर्माण सेवा**।

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता : राम बहादुर थापाको नाति, सुरेन्द्र बहादुर थापाको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १२ बस्ने **सौरभ थापा** (ना.प्र.नं. ३५-०१-७२-०३१०५, जि.प्र.का. चितवन, जारी मिति २०७२/०३/२२)।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. राम बहादुर थापाको बुहारी, सुरेन्द्र बहादुर थापाको पत्नी, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १२ बस्ने **लक्ष्मी थापा** (ना.प्र.नं. १३०४५/०५९, जि.प्र.का. चितवन, जारी मिति २०५९/०२/२७)।

ख. तलक बहादुर थापाको नाति, राम बहादुर थापाको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १२ बस्ने **सुरेन्द्र बहादुर थापा** (ना.प्र.नं. ५०४६६, जि.प्र.का. चितवन, जारी मिति २०४४/१०/१९)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. यस बैंकको नाममा दर्ता कायम रही **ऋणी श्री बालाजि निर्माण सेवा** जनिएको मोडेल B80B, 2016 च्यासिस नं. NKJOB80B-JJKH00332, इन्जिन नं. 8045.45.740.227008 भएको सवारी दर्ता नं. लु १ क ३०४५ को सवारी साधन थान १। २. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

३. ऋणी तथा धितो जमानीकर्ताको नाम : राम बहादुर थापाको बुहारी, सुरेन्द्र बहादुर थापाको पत्नी, चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १२ बस्ने **लक्ष्मी थापा** (ना.प्र.नं. १३०४५/०५९, जि.प्र.का. चितवन, जारी मिति २०५९/०२/२७)।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. तिलक बहादुर थापाको नाति, राम बहादुर थापाको छोरा, चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १२ बस्ने **सुरेन्द्र बहादुर थापा** (ना.प्र.नं. ५०४६६, जि.प्र.का. चितवन, जारी मिति २०४४/१०/१९)।

ख. राम बहादुर थापाको नाति, सुरेन्द्र बहादुर थापाको छोरा, चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १२ बस्ने **सौरभ थापा** (ना.प्र.नं. ३५-०१-७२-०३१०५, जि.प्र.का. चितवन, जारी मिति २०७२/०३/२२)।

ग. राम बहादुर थापाको नाति, सुरेन्द्र बहादुर थापाको छोरा, चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १२ बस्ने **सौजन थापा** (ना.प्र.नं. ३५-०१-७१-००५६२, जि.प्र.का. चितवन, जारी मिति २०७१/०१/१९)।

घ. राम बहादुर थापाको नाति, सुरेन्द्र बहादुर थापाको छोरा, चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १२ बस्ने **सैलेश थापा** (ना.प्र.नं. ३५१०२५/८०८४, जि.प्र.का. चितवन, जारी मिति २०६९/१२/१६)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी तथा धितो जमानतकर्ता लक्ष्मी थापाको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, भरतपुर गा.वि.स./न.पा. वडा नं. ३/क स्थित कित्ता नं. ३६८४ को क्षेत्रफल ०-१-० (विगाहा) भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

नोट : ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

पुनश्च : बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/शाखा कार्यालय भरतपुरबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अङ्गको रुपमा रहनेछ।

अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा शाखा कार्यालय भरतपुरमा सम्पर्क राख्न सकिने छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४४४६८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

